श्रम तथा रो.प्र.वि.द.नं. २१४/२०६४/०६५

“सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं !”

“संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन हाम्रो अभियान”



# NEGEO समाचार
मासिक

वर्ष १ | अङ्क ६ | माघ २०८२ | ने.सं. ११४६ | जनावरी-फेब्रुरी २०२६

**सल्लाहकार**
अध्यक्ष, भवानी न्यौपाने दाहाल
वरिष्ठ उपाध्यक्ष, रेवन्त गौतम
वरिष्ठ उपाध्यक्ष, प्रभास प्रसाद साह

**प्रधान सम्पादक**
रामचन्द्र अधिकारी

**कार्यालय व्यवस्थापन**
पदम बहादुर शाही


**सम्पादक**
तेज प्रकाश भण्डारी

## २०८२ भदौ देखि पुस महिनाका गतिविधिहरू

### सम्माननीय राष्ट्रपतिज्यूसँग भेटघाट

नेपाल निजामती कर्मचारी संगठनको नेतृत्वमा राष्ट्रियस्तरका ट्रेड युनियनहरूको सहभागितामा मिति २०८२/०७/२६ गते संयुक्त ट्रेड युनियनको तर्फबाट सम्माननीय राष्ट्रपती रामचन्द्र पौडेलसँग भेटघाट कार्यक्रम सम्पन्न भएको छ। उक्त भेटघाट कार्यक्रममा समसामयिक घटनाक्रम, राजनैतिक अवस्था, निजामती सेवा विधेयकलगायतका विषयमा समेत छलफल भएको थियो।





### सम्माननीय प्रधानमन्त्रीज्यूसँग भेटघाट

नेपाल निजामती कर्मचारी संगठनको नेतृत्वमा राष्ट्रियस्तरका ट्रेड युनियनहरूको सहभागितामा मिति २०८२/०६/०७ गते संयुक्त ट्रेड युनियनको तर्फबाट सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीसँग भेटघाट गरी समसामयिक विषयमा ध्यानाकर्षण गराउने कार्यक्रम सम्पन्न भएको छ।

# तीज कार्यक्रम २०८२




२०८२ भाद्र ९ गते शुक्रबार संगठनको केन्द्रीय कार्य समितिको आयोजना तथा महिला विभागको व्यवस्थापनमा काठमाडौंको बबरमहल स्थित कार्की ब्याङ्केटमा महिला कर्मचारीहरु सहित करिव २००० जनाको उपस्थितिमा सांस्कृतिक कार्यक्रम सहित भव्य रुपमा तिज कार्यक्रम, २०८२ सम्पन्न भएको छ । संगठनका केन्द्रीय उपाध्यक्ष विजयालक्ष्मी सुवेदीको अध्यक्षता तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रममा नेकपा एमालेका प्रतिनिधी सभा तथा राष्ट्रिय सभाका महिला माननीयहरु, नेपाल सरकारका मुख्य सचिव तथा सचिवज्युहरु लगायत अन्य विशिष्ट महानुभावहरुको उपस्थितीमा भएको भव्य कार्यक्रममा नेपाल सरकारका सचिवहरु श्री राधिका अर्याल, श्री निर्मला अधिकारी भट्टराई र श्री इन्दिरा दाहाल भट्टराईलाई सम्मान गरिएको थियो ।

## विदेश भ्रमणः



दक्षिण अफ्रिकाको जोहान्सवर्गमा सन २०२५ अक्टोवर २९ र ३० मा सम्पन्न TUIPs&A को बैठक तथा ७६ औ बार्षिक उत्सवमा संगठनको तर्फवाट महासचिव रामचन्द्र अधिकारी सहभागी हुनु भएको थियो। बैठकमा विभिन्न राष्ट्रका प्रतिनिधिहरु सहित करिव १०० जनाको सहभागिता रहेको थियो । यस्ता वैदेशिक भ्रमणहरुले संगठन र अन्तर्राष्ट्रिय संस्थाहरुसँग भाईचारा सम्बन्धलाई थप स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ भने अन्तर्राष्ट्रिय ट्रेडयुनियन आन्दोलनको विकास, प्राप्त उपलब्धी, अनुभव र सिकाईहरुको आदन प्रदान गर्ने अवसर मिलेको छ साथै यस भ्रमणवाट त्यहाँको इतिहास र संस्कृति, विकास र समृद्धि, ट्रेड युनियनका विषयमा नयाँ अनुभव र ज्ञान प्राप्त भएको छ ।

## संगठकहरु विच छलफल कार्यक्रमः




नेपाल निजामती कर्मचारी संगठनको आयोजनामा मिति २०८२ मसिर १५ गते सगठनका समसामयिक विविध विषयमा संगठनको धारणा निर्माण गर्न उपत्यकामा रहेका जिल्ला /विभागीय कार्य समितिहरुका अध्यक्ष लगायत पदाधिकारीहरुको भेला आयोजना गरिएको थियो । उक्त भेलामा निजामती सेवा विधेयकका वारेमा हालसम्म संगठनले गरेका प्रयास तथा प्रयत्न र प्राप्त उपलब्धि, समसामयिक राजनैतिक अवस्थालगायतका विषयमा संगठनका अध्यक्ष लगायत पदाधिकारीहरुले जानकारी गराउनु भएको थियो।

## बधाई तथा शुभकामना कार्यक्रमः



निजामती सेवाको सर्वोच्च पद मुख्य सचिवमा नेपाल सरकारको निर्णयानुसार बढुवा हुनु भएका श्री सुमनराज अर्याललाई नेपाल

निजामती कर्मचारी संगठनको तर्फबाट मिति २०८२ मंसिर २४ गते बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै कर्मचारीमैत्री संघीय निजामती सेवा ऐन जारी गर्न, निजामती प्रशासनलाई स्वच्छ, निष्पक्ष र भयरहित ढंगबाट सञ्चालन गर्ने लगायतका समसामयिक विषयमा समेत छलफल भएको थियो

## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानः

प्रविधिको सहि प्रयोग गरौः लैङ्गिकहिंसा अन्त्य गरौ भन्ने मूल नाराका साथ महिला तथा बालबालिका माथी हुने सबै प्रकारका लैङ्गिक हिंसा विरुद्ध जनचेतना फैलाउने उदेश्यले २०८२ मंसिर२६ गते केन्द्रीय कार्य समितिको आयोजना तथा महिला विभागको व्यवस्थापनमा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला पराजुलीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । उक्त कार्यक्रमको अध्यक्षता केन्द्रीय उपाध्यक्ष एवं महिला विभागका प्रमुख विजयालक्ष्मी सुवेदीले गर्नु भएको थियो भने सो कार्यक्रममा संगठनका अध्यक्ष भवानी न्यौपाने दाहालले शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा केन्द्रीय पदाधिकारी सदस्य तथा जिल्ला/ विभागीय कार्यसमितिका पदाधिकारी तथा सदस्य लगायतको सहभागी रहेको थियो ।

## नेकपा एमालेको ११औं महाधिबेशन

नेकपा एमालेको एघारौं राष्ट्रिय महाधिबेशन (२०८२ मंसिर २७ देखि पौष ३ गते सम्म काठमाण्डौ) मा २२६३ जना प्रतिनिधिहरुको सहभागितामा सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन भक्तपुरको सल्लाघारीमा भएको थियो भने बन्दशत्रको कार्यक्रम भृकुटीमण्डप काठमाण्डौमा भएको थियो । उक्त ऐतिहासिक महाधिवेशनबाट १९ जना पदाधिकारी सहित ३०१ सदस्यीय केन्द्रीय कार्यसमिति, २५ सदस्यीय लेखा आयोग र २५ सदस्यीय अनुशासन आयोगका पदाधिकारी सदस्यहरु निर्वाचित हुनु भएको छ । निर्वाचित अध्यक्ष कमरेड के.पी शर्मा ओली लगायत सम्पूर्ण पदाधिकारी सदस्यहरुलाई संगठन केन्द्रीय कार्य समितिको तर्फवाट हार्दिक वधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ । नेकपा एमालेको एघारौं राष्ट्रिय महाधिबेशनमा उच्चतम प्रविधिको प्रयोग गरी लोकतान्त्रिक विधि मार्फत निर्वाचन सम्पन्न भएको छ भने उक्त राष्ट्रिय महाधिवेशबाट संगठनका पूर्व अध्यक्ष भोलानाथ पोखरेल र अग्रज संगठक प्रेम पराजुली केन्द्रीय सदस्य पदमा र पूर्व केन्द्रीय सदस्य रुकमिणी अधिकारी केन्द्रीय अनुशासन आयोग सदस्य पदमा निर्वाचित हुनु भएको छ ।

# उपहार नतिजा प्रकाशन तथा ट्रेड युनियन दर्ता दिवश २०८२ शुभकामना आदानप्रदान कार्यक्रमः




नेपाल निजामती कर्मचारी संगठनले विगत लामो समय देखी उपहार कार्यक्रम संचालन गर्दै आएको र उक्त उपहार कार्यक्रमको नजिता हरेक वर्ष घटस्थापनाको दिनमा प्रकाशन गर्ने गरेकोमा यस वर्षको उपहार कार्यक्रमको नतिजा २०८२ भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनवाट केहि जिल्लाहरुमा उपहार क्षति भएको, केन्द्रीय कार्यालयमा समेत आगजनी भएर क्षति भएको कारण तोकिएको समयमा प्रकाशन गर्न सकिएन र उपहार कार्यक्रमको नतिजा संगठन ट्रेड युनियनमा दर्ता दिवसको अवसरमा २०८२ पौष १८ गते नतिजा प्रकाशन गरिएको छ ।सोहि कार्यकममा नेपाल निजामती कर्मचारी संगठन ट्रेड युनियन कानून अनुसार दर्ता भएको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम समेत सम्पन्न भएको छ । उपहार कार्यक्रम-२०८२ को नतिजा निम्नानुसार रहेको छ ।

| २०८२ पौष १८ गते ट्रेड युनियन दर्ता दिवसका दिन खोलिएको उपहार नतिजा प्रकाशन | | | |
|---|---|---|---|
| प्रथम पुरस्कार | (मोटरसाइकल) | ४२८३४ | अपराजिता चौधरी (महोत्तरी) |
| दोस्रो पुरस्कार | (ई स्कुटर) | ३२०२६ | (मकवानपुर) |
| तेस्रो पुरस्कार | (वासिङ मेसिन) | १२८०९ | डिल्लीराज पौडेल (रुकुम पुर्व) |
| | | ८३१६२ | राज कुशवाहा (पर्सा) |
| चौथो पुरस्कार | (ल्यापटप) | ७३८४२ | (बैतडी) |
| | | ७९५४३ | (अर्थ) |

| | | | | | |
|---|---|---|---|---|---|
| पाँचौ पुरस्कार | (रेफ्रिजेरेटर) | १३१७५ | दिपक चौधरी (कंचनपुर) | | |
| | | ४८४४२ | गोमा घर्ती (रामेछाप) | | |
| | | ७७३१० | गोकर्ण कोइराला | | |
| सान्तवना पुरस्कार (एन्ड्रोइड मोबाइल) | | | | | |
| १०६६९ | ११५१५ | १७६७४ | १९६४२ | २०१६० | २०४१७ |
| २०७८२ | २२१२१ | २३८१४ | २८३२७ | २८५०८ | ३२७३४ |
| ४०००९ | ४१२०७ | ४१८०३ | ४२६९८ | ४६८४८ | ४६९४७ |
| ४८७६८ | ४९७७१ | ५२१०९ | ५२५२५ | ५२९५१ | ५४५०२ |
| ५६००२ | ५९९४९ | ६२२१७ | ६२३६८ | ६२५९० | ६२६३१ |
| ६७५२१ | ६९५४५ | ७५४६७ | ७९८६८ | ८०९७५ | ८४७१६ |
| | ८४९२१ | ८५७६० | ८६४४५ | ८८०३६ | |
| अतिरिक्त पुरस्कार (स्टयाण्ड फयान) | | | | | |
| १२६४० | १५१९२ | १७२०५ | २१९८२ | २३३२१ | २४२०२ |
| २५३९५ | २७०९८ | २९००४ | ३०२७५ | ३३१९८ | ३३३३० |
| ३४६०२ | ३६९३४ | ३९१३३ | ३९९०८ | ४२००३ | ४३०७८ |
| ४३९२८ | ४४९२१ | ४६५८१ | ४७६३५ | ५३९८२ | ५५५९४ |
| ५६५६५ | ५७३२६ | ५९३०२ | ६०९६४ | ६१०१५ | ६१३३९ |
| ६३१९५ | ६३६९६ | ६५६६२ | ६६९७२ | ६८३६० | ६९९६८ |
| ७०५८४ | ७३७१५ | ७४१०५ | ७४९९९ | ७७१२२ | ७७८८६ |
| ७८८३७ | ८६०३९ | ८९१९९ | | | |

## तेस्रो केन्द्रीय कार्यसमितिको बैठकः






नेपाल निजामती कर्मचारी संगठनको तेस्रो केन्द्रीय कार्य समितिको बैठक मिति २०८२ पौष १९ र २० गते काठमाडौंमा विभिन्न समसामयिक निर्णयहरु गर्दै सम्पन्न भएको छ । उक्त बैठकमा नेकपा एमालेका महासचिव शंकर पोखरेल र केन्द्रीय सदस्य तथा आयोगको सदस्यमा निर्वाचित संगठनका पूर्व अध्यक्ष भोलानाथ पोखरेल, पूर्व केन्द्रीय सदस्य रुकमिणि अधिकारी अग्रज संगठक प्रेम पराजुलीलाई बधाई तथा सम्मान गरिएको थियो । सोही बैठकमा सेवा प्रवाह, सुशासन, पारदर्शिता लगायतका विषयमा सूचना आयोगका पूर्व अध्यक्ष  एवं नेपाल सरकारका पूर्व सचिव कृष्णहरि वास्कोटाबाट प्रशिक्षण समेत प्रदान गरिएको थियो ।

## संगठन सम्पर्क डायरी २०८२ प्रकाशन




नेपाल निजामती कर्मचारी संगठनको सातौ महाधिबेशन देखी हरेक महाधिबेशनवाट निर्वाचित केन्द्रीय पदाधिकारी, सदस्यहरुको विवरण प्रदेश जिल्ला /विभागीय कार्यसमितिवाट निर्वाचित पदाधिकारी, सदस्यहरुको विवरण लगायत महत्वपूर्ण दस्तावेजलाई समावेश गरी "संगठन सम्पर्क डायरी" प्रकाशन गर्दै आएको छ । संगठनको बाह्रौ महाधिबेशनवाट निर्वाचित

केन्द्रीय पदाधिकारी सदस्यहरुको व्यक्तिगत विवरण, प्रदेश, जिल्ला/ विभागीय कार्य समतिको विवरण, संगठनले उठान गरेका महत्वपूर्ण विषयवस्तु, संगठनले प्राप्त गरेका उपलब्धि र संगठनको आगामी कार्यभार सहितको विवरण भएको संगठन सम्पर्क डायरी २०८२ प्रकाशन भइ वितरण भईरहेको छ ।

## प्रशिक्षण प्रकाशन

नेपाल निजामती कर्मचारी संगठनले आफ्ना सदस्यहरुलाई बैचारिक स्पष्टता, सांगठनात्मक क्षमता, नेतृत्व दक्षता, पेसागत अधिकार र कर्तब्यको विकास गर्नको लागि प्रशिक्षण कार्यक्रम संचालन गर्दै आएको र संगठनको बाह्रौ महाधिबेशन पश्चातको प्रदेश प्रशिक्षण गर्नको लागि समय सिमा समेत तोकिसकेको अबस्थामा गत भाद्र २३ र २४ गतेको आन्दोलनवाट उक्त प्रशिक्षण कार्यक्रम समेत प्रभावित भएको हुँदा आगामी ३ महिनाभित्र प्रदेश प्रशिक्षणको अवधि तोकेर जान आवश्यक रहेको छ ।जेन्जी आन्दोलन पश्चात



संगठनको दृष्टिकोण, संगठनको मूल्य, मान्यता कर्मचारीको हक अधिकार दायित्व र पेसागत मर्यादा, संगठनात्मक एकता अनुशासन र प्रतिवद्धता लगायतका विषयमा आगामी २०८२ चैत्र महिनासम्म प्रदेश प्रशिक्षण र सहकारीका प्रदेश भेला गर्न आवश्यक रहेको हुँदा उक्त कार्यमा जुट्न सबै प्रदेश कार्यसमितिहरुलाई अनुरोध गर्दै प्रशिक्षण कार्यक्रमलाई थप व्यवस्थित गर्न प्रशिक्षण स्रोत सामाग्री -२०८२ प्रकाशन गरिएको छ ।

## पत्रकार भेटघाट कार्यक्रमः



नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्यसमितिको तेस्रो बैठकबाट भएका सांगठनिक तथा समसामयिक निर्णयहरु सार्वजनिक गर्न मिति २०८२ पौष २२ गते पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भएको छ । उक्त पत्रकार भेटघाट कार्यक्रममा सार्वजनिक गरिएका निर्णयहरू देहायबमोजिम रहेका छन् ।

## प्रेस विज्ञप्ती

सम्पूर्ण कर्मचारीहरुलाई आफ्ना काम, कर्तव्य र दायित्वप्रति जिम्मेवार र जवाफदेही बनाउँदै कर्मचारीको पेसागत हकहितको संरक्षण एवं सम्वर्द्धन गर्न, निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, प्रभावकारी एवं गतिशील बनाई नागरीकमैत्री प्रशासन मार्फत सुशासन कायम गर्न र निजामती कर्मचारीहरुमा जनसेवाको भावना विकास गर्दै सार्वजनिक प्रशासनलाई गरिमामय र सम्मानित सेवाको रुपमा विकास गर्ने उद्देश्यका साथ वि.सं.२०४७ सालमा स्थापित नेपाल निजामती कर्मचारी संगठन निजामती क्षेत्रको पहिलो राष्ट्रिय स्तरको ट्रेड युनियन हो। संगठन आफ्नो पेसागत हकहित र अधिकारमा केन्द्रीत हुँदै राष्ट्र रुपान्तरणका सवालमा समय समयमा सञ्चालित परिवर्तनकारी आन्दोलनहरूमा समेत सक्रियताका साथ सहभागी भई मुलुकमा लोकतन्त्र, गणतन्त्र, संविधान, शान्ति र सुशासनको पक्षमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ।

संगठनको गतिशील जीवनलाई व्यवस्थित गर्ने सन्दर्भमा केन्द्रीय कार्य समितिको तेस्रो बैठक मिति २०८२ पौष १९ र २० गते बबरमहल, काठमाडौंस्थित कार्की बैङ्क्वेटमा सम्पन्न भएको छ। बैठकबाट महासचिव रामचन्द्र अधिकारीद्वारा प्रस्तुत **"सांगठनिक प्रतिवेदन"** र कोषाध्यक्ष याम कुमारी सापकोटाद्वारा प्रस्तुत **"आर्थिक प्रतिवेदन"** सुझाव सहित सर्वसम्मत रूपमा पारित गरिएको छ।उक्त बैठकमा सार्वजनिक प्रशासनमा सेवा प्रवाह, पारदर्शीता, जवाफदेहिता र प्रभावकारिता सम्वन्धमा सुचना आयोगका पूर्व अध्यक्ष कृष्णहरि वास्कोटाले प्रशिक्षण प्रदान गर्नु भएको थियो भने बैठकमा संगठनका १६ केन्द्रीय विभागहरु, ८ प्रदेश कार्य समितिहरु र ११७ वटा जिल्ला/विभागीय कार्य समितिको तर्फबाट दोस्रो बैठक पश्चात सम्पन्न गतिविधि,सदस्यता नविकरण तथा विस्तार,सेवा प्रवाहमा आएका समस्या लगायतका विषयमा रिपोर्टिङ प्रस्तुत गरिएको थियो। समसामयिक तथा विविध विषयका निर्णयहरू पारित गर्दै सम्पन्न तेस्रो बैठकबाट भएका महत्वपूर्ण निर्णयहरु सार्वजनिक गर्ने उदेश्यले यो पत्रकार भेटघाट कार्यक्रम आयोजना गरिएको छ।केन्द्रीय कार्य समितिको तेस्रो बैठक निर्णयहरु देहाय बमोजिम रहेका छन्।

## १. संघीय निजामती सेवा ऐन/ प्रदेश निजामती सेवा ऐन र स्थानिय सेवा ऐन सन्वन्धमा

क. राष्ट्रियस्तरका ट्रेड युनियनले दिएका साझा सुझाव सहित स्वास्थ्य सेवा र संसद सेवालाई निजामती सेवामा समावेश गरी संघीय निजामती सेवा ऐन जारी जारी गर्नुपर्ने।

ख. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई निजामती सेवाको परिभाषामा समेटी प्रदेश तथा स्थानिय तहका ऐन तथा कानुनहरुको एकरुपता कायम गरीनुपर्ने।

ग. कुनै पनी पदमा लगातार ५ वर्ष सेवा गरेको कर्मचारीलाई एक तह र १० वर्ष सेवा गरेको कर्मचारीलाई एक श्रेणी बढुवा गरी तह मिलान गर्ने ।

घ. अन्तरतह, अन्तर प्रदेश, अन्तर स्थानीय तह सरुवाको व्यवस्था सहित वैज्ञानिक, चक्रीय र पूर्वानुमान योग्य सरुवा व्यवस्था गर्ने ।

ङ. तिनै तहका सरकारमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाइ ट्रेड युनियन अधिकारको ग्यारेण्टी गर्ने र तिनै तहका सरकारमा आधिकारीक ट्रेड युनियन, आधिकारीक ट्रेड युनियनको निर्वाचनमा राष्ट्रियस्तरका ट्रेड युनियनको रुपमा मान्यता प्राप्त ट्रेड युनियन तिनै तहका सरकारमा दर्ता भएको मानिने, आधिकारीक ट्रेड युनियनको निर्वाचनमा भाग लिन, वार्ता, सम्वाद, सौदावाजीमा सहभागी हुन पाउने व्यवस्था गर्ने ।

च. कर्मचारीसँग सम्बन्धित निकायहरु निजामती कर्मचारी अस्पताल, कर्मचारी सञ्चय कोष, ना गरीक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता कर्मचारी सरोकारित निकायहरुमा ट्रेड युनियनको प्रतिनिधित्वको सुनिश्चितता गर्न जोडदार माग गर्ने

छ. सकरात्मक विभेद तथा आरक्षण कोटाको व्यवस्था भएता पनि Elite capture भएकोले ऐनको भावना अनुसार विषयगत कानूनमा लक्षित वर्गलाई समेत वैज्ञानिक तथा यथार्थपरक उपविभाजन गर्नु पर्ने तर यस्तो उपविभाजनमा न्यूनतम मापदण्डमा समेत जनशक्ति प्राप्त नभएमा खुल्लाबाट नियुक्त गर्न बाधा नपर्ने व्यवस्था मिलाउन र यसको प्रयोग एकै व्यक्तिले राजपत्र अनंकित र राजपत्रांकित तहमा एक एकपटक मात्र आरक्षण उपयोग गर्न पाउने व्यवस्थाको लागि पहल गर्ने।

ज. संबिधानको धारा १५५ र धारा १६१ बमोजिमका क्रमश न्याय सेवा र सरकारी वकिलका कर्मचारीहरुको पारिश्रामिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी संघीय ऐन जारी गर्ने ।

झ. अदालतको कार्यबोझ र कार्यप्रकृती अनुसार न्यायपालिकामा जनशत्तिहरुको आवश्यकता पहिचान र दरबन्दी पुनरावलोकन गर्न अविलम्ब संगठन तथा ब्यवस्थापन सर्भेक्षण गर्न माग गर्ने ।

## २. कर्मचारी तथा गुनासो व्यवस्थापन सम्बन्धमा

क. साविकको स्थानीय निकाय, दुर्गम क्षेत्र विकास समिति, घरेलु विकास समिति, जिल्ला विकास समिति लगायतका निकायबाट समायोजन भएका र प्रदेश कानुन बमोजिम नियुक्ति भइ स्थानीय तहमा कार्यरत कर्मचारीहरुको उपदानको सुनिश्चितताको लागी प्रदेशस्तरमा एकिकृत उपदान कोष स्थापना गरी कर्मचारीहरुलाई उपदान उपलब्ध गराउने ब्यबस्था मिलाउन जोडदार माग गर्ने ।

ख. उपसचिव भन्दा माथिल्लो पद नभएका विविध सेवाका कर्मचारी, अधिकृत भन्दा माथिल्लो पद नभएका कम्प्युटर अधिकृत कर्मचारीहरुको निश्चित अवधिको आधारमा विशेष दरबन्दी सृजना गरी बढुवा हुने अवसर प्रदान गरी वृति विकासको व्यवस्था गर्न जोडदार माग गर्ने ।

ग. उपसचिव तथा सहसचिवहरुको लोकसेवाको परिक्षा प्रदेशको राजधानीमा केन्द्र राखि संचालन गर्ने व्यवस्था मिलाउने ।

घ. योग्यता पुगेका अस्थायी र करारमा कार्यरत कर्मचारीका लागि एक पटक उमेरको हद नलाग्ने व्यवस्था गरी लोक सेवा आयोगबाट सीमित प्रतियोगिता गराई स्थायी गर्नका लागि पहल गरीयोस् ।

ङ. करार सेवाका कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन तथा नया अवधिको लागि करार सम्झौता मापदण्ड २०७८ मा सेवा निरन्तरता र अवकाश पछिको सुविधा अस्थायी कर्मचारीले पाउने सरह शुरु करार सम्झौता मिति देखी लागु हुने गरी विदा, बिमा, निजामती अस्पतालमा पाउने निजामती कर्मचारी सरह सहुलियत र शिशु स्याहार केन्द्रमा बालबच्चा राखी हेरचाह गर्न पाउने सुविधा उपलब्ध गराउन सरकार संग माग गर्ने ।

च. हाल बिभिन्न मन्त्रालयहरुले मानव संशाधन योजना विना हचुवाको भरमा दरबन्दी कटौती गर्ने गरी भएका संगठन तथा ब्यवस्थापन सर्भेक्षणप्रति संगठनको गम्भिर ध्यानार्कषण भएको छ । यस प्रकारका कार्यहरु तत्काल रोक्न नेपाल सरकारसँग जोडदार माग गर्ने ।

## ३. राष्ट्रसेवकका सुविधा सम्वन्धमा

क. कर्मचारी संचय कोषबाट उपलब्ध गराईदै आएको घर सापटी रकमको व्याजदरलाई न्यूनिकरण गर्दै प्रिमियममा आधारित घरसापटी उपलव्ध गराउन सरकारसँग जोडदार माग गर्ने ।।

ख. कर्मचारीहरुलाई आवश्यक पर्ने न्यूनतम क्यालोरी तोकी बहालवाला र सेवा निवृत्त राष्ट्रसेवक कर्मचारी परिवारका लागि "निजामती कर्मचारी रासन कार्डको व्यवस्था गर्न जोडदार माग गर्ने ।

ग. सार्वजानिक तथा सरकारी निकायमा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोष कार्यक्रम सँग अनिवार्य जोड्नु पर्ने। अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई समेत स्थायी कर्मचारी सरहको विदा तथा महंगी भत्ता, लुगा भत्ता उपलब्ध गराउने ब्यबस्थाको लागि माग गर्ने ।

घ. पुर्णरुपमा अशक्त भइ विरामी भएको कर्मचारीलाइ स्याहार गर्नुपर्ने व्यक्ति कर्मचारीनै भए मेडिकल बोर्डको सिफारिस बमोजिमको आवश्यक विदाको व्यवस्था गर्नुपर्ने ।

ङ. सार्वजनिक निकायहरुमा आवश्यक कार्यालय सामग्री,

फर्निचर तथा सवारी साधन खरिद गर्दा महिला तथा अपांगमैत्री समेत हुने गरी खरिद व्यवस्था मिलाउने ।

च. सञ्चित घर विदा बापतको रकम बार्षिक रुपमा भुक्तान गर्ने व्यवस्था गर्ने ।

छ. प्रत्येक जिल्लामा कर्मचारी सामूहिक आवास, प्रत्येक प्रदेशमा निजामती विद्यालय र निजामती अस्पतालको सुविधा प्रदेश अस्पतालबाट उपलब्ध गराउने ब्यवस्था गर्ने ।

ज. प्रदेश र स्थानिय तहमा समायोजन भएका कर्मचारीहरुको PIS हस्तान्तरण गरी सोहि तहबाटै निजको व्यक्तीगत विवरण अध्यावधिक गर्ने व्यवस्था मिलाउन माग गर्ने ।

झ. काठमाडौं उपत्यकाभित्र सञ्चालन हुँदै आईरहेको एकीकृत परिवहन सेवालाई थप व्यवस्थित गर्दै प्रदेशतहमा एकीकृत परिवहन सेवा र क्षेत्र विस्तार गर्ने ब्यबस्थाको लागि सरकारसँग जोडदार माग गर्ने।

ञ. निजामती कर्मचारीलाई एकपटक भन्सार छुटमा सवारी साधन खरिद गर्ने ब्यबस्था मिलाउन सरकार सँग माग गर्ने ।

ट. असाध्य रोग लागेका राष्ट्रसेवक कर्मचारीहरुको सम्पूर्ण उपचार खर्च सम्बन्धित सरकारबाट व्यहोर्ने ब्यबस्था मिलाउन जोडदार माग गर्ने।

ठ. राजपत्र अनंकित द्धितीय श्रेणीवाट राजपत्र अनंकित प्रथम श्रेणीमा वढुवा हुनको लागि कम्तिमा एक आ.व.को का.स.मु सोहि जिल्लाको अनिवार्य रुपमा पेश गर्ने गर्ने व्यवस्था गर्ने ।

ड. प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको प्रदेश कानुन बमोजिम बढुवा भएका कर्मचारी सेवानिवृत हुँदा वढुवा भएको पदको सेवा, सुविधा उपलब्ध गराउन जोडदार माग गर्ने ।

ढ. प्रदेश कानुन बमोजिम प्रदेश र स्थानीय तहमा नियुक्त कर्मचारीहरु अन्य प्रदेश वा संघमा नियुक्ति हुँदा सेवा अवधि जोडने र अन्तरतहको लोक सेवाको परिक्षामा भाग लिंदा उमेर हद नलाग्ने व्यवस्थाको लागि सरकारसँग माग गर्ने ।

## ४. ट्रेड युनियन अधिकार सम्वन्धमा

क. संघ, प्रदेश तथा स्थानिय तहमा O&M गर्दा ट्रेड युनियन समेतको सहभागिता सुनिश्चितता गर्ने।

ख. सहकारी ऐन, २०७४ ले पेशागत सहकारीको परिकल्पना गरेको पेसाकर्मीले सञ्चालन गरेका सहकारीका लागि लगाइएको विशेष प्रकारका बन्देजहरु (कर, दोहोरो सदस्यता, प्रतिनिधित्व) सहकारी मैत्री हुने गरी संशोधन गर्न नेपाल सरकार समक्ष माग गर्दछ ।

ग. अनौपचारिक,असंगठित समुह वा अभियानको नाम बाट हुने गतिविधिलाई निरुत्साहित गर्न सरकार सँगमाग गर्ने । साथै सरकारले गर्ने वार्ता आधिकारिक तथा राष्ट्रिय स्तरका ट्रेड युनियन मार्फत गर्न सरकारको ध्यानाकर्षण गराउने ।

घ. सेवा प्रवेश तथा सेवाकालिन तालिम गराउने तालिम केन्द्रहरुको पाठ्यक्रममा सैद्धान्तिक तथा प्रयोगवादी ट्रेड युनियन तथा सामुहिक सौदावाजी सँगसम्बन्धित पाठ्यय़ोजना समेट्नु पर्ने ।

## ५. सांगठनिक सुदृढीकरण तथा आन्तरिक जीवन सम्बन्धमाः

क. संगठनको अभिन्न अंगको रुपमा रहेको “प्रशिक्षण कार्यक्रम”लाई ब्यबस्थित गर्दै प्रदेशस्तरको प्रशिक्षण २०८२ चैत्र मसान्त सम्म, जिल्ला/विभागीय प्रशिक्षण २०८३ असार मसान्तसम्म र पालिकास्तरको प्रशिक्षण २०८३ असोज महिनासम्म सम्पन्न गर्ने ।

ख. सार्वजनिक सेवा प्रवाह,पारदर्शिता,जवाफदेहिता,सदस्यता नविकरण तथा विस्तार,राष्ट्रसेवक सहकारी संस्थाको सुदृढीकरण लगायतका विषयहरु समावेश गरी संगठन सुदृढीकरण अभियान २०८२ माघ,फागुन र चैत्र महिना सम्म सम्पन्न गर्ने । संगठन सुदृढीकरण अभियानलाई “मिसन पालिका” अभियान सँगजोडने ।

ग. संगठनको आन्तरिक जीवनलाई क्रियाशिल र प्रभावकारी वनाउँदै नवप्रवेशी कर्मचारीहरुलाई संगठनप्रति आकर्षण बढाउन मिति २०८२ फागुन महिनामा “युवा तथा अध्यक्ष”हरुको राष्ट्रिय भेला आयोजना गर्ने ।

घ. सार्वजनिक प्रशासनमा महिलाहरुको पहुँच बढाउन, कार्यस्थलमा हुने भेदभावको अन्त्य, नेतृत्व विकास, समस्या, भावी लक्ष्य सहितको विविध पक्षहरुमा छलफल गर्न मिति २०८३ बैशाखमा राष्ट्रिय महिला भेलाको आयोजना गर्ने ।

ङ. संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्थाहरुको वार्षिक साधारण सभा सहकारी ऐन, नियम अनुसार तोकिएको समयमा सम्पन्न गर्ने ब्यबस्था मिलाउने र सहकारीहरुको प्रदेश भेला पश्चात सहकारीको छैटौ राष्ट्रिय भेला २०८३ असोजमा सम्पन्न गर्ने ।

च. “नेगो एप्स” मार्फत संगठनको सम्पूर्ण विवरण व्यवस्थित गर्दै एकीकृत सूचना प्रणालीको विकास गर्दै सूचनाको गोपनीयतालाई व्यवस्थित गर्ने ।

छ. अन्तर्राष्ट्रियस्तरका ट्रेड युनियन WFTU, TUIPS&A, NEHAWU, ACFTU लगायत बिदेशी भाईचारा ट्रेड युनियनहरुसँग प्रभावकारी ढंगको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारलाई निरन्तरता दिने ।

ज. नेपाल निजामती कर्मचारी संगठनमा एकता,एकीकरण र सामूहिक प्रवेशको कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अभियानको रुप संचालन गर्ने ।एकीकरण तथा सामूहिक प्रवेशको लागि आह्वान गर्दै यसरी संगठनमा आवद्ध हुने पदाधिकारी सदस्यहरुलाई योग्यता, क्षमता,ज्येष्ठता र क्रियासिलताका आधारमा उपयुक्त जिम्मेवारी प्रदान गर्ने

झ. सहकारी र संगठनको अन्तरसम्वन्ध अनिवार्य स्थापित गर्न जिल्ला/विभागीय कार्यसमितिको बैठकमा सहकारी अध्यक्षको अनिवार्य उपस्थिति गराउने र एक जना पदाधिकारीमलाई सहकारी समन्वय गर्ने जिम्मेवारी दिने विधानगत व्यवस्था गर्ने ।

ञ. प्रक्षिक्षण, संगठन सुदृढीकरण तथा मिसन पालिका अभियान अन्तर्गत कर्मचारीको कार्यक्षेत्रमा पुगेर कर्मचारीका समस्याको पहिचान गर्ने, समस्याको समाधानको लागि प्रयत्नशिल रहने, सेवा प्रवाहको स्तर सर्भेक्षण गर्ने, कर्मचारी कल्याण कोष कार्यक्रमलाई सदस्यता वितरण तथा

नवीकरणको महत्वपूर्ण कार्यक्रमको रुपमा विकास गर्ने ।

ट. संगठन सुदृढीकरण अभियान तथा संगठकसँग केन्द्रिय तथा प्रदेश नेतृत्व अभियान नियमितरुपमा बार्षिक कार्ययोजना वनाई संचालन गर्ने ।

ठ. संगठन तथा राष्ट्रसेवक सहकारीमा कार्यरत कर्मचारीहरुलाइ सामाजिक सुरक्षा कार्यक्रमसँग जोडी सेवा सुरक्षा गर्ने ।

## ६. सार्वजानिक सेवा प्रवाह सम्बन्धमा

क. "समृद्ध नेपाल, सुखी नेपाली"को राष्ट्रिय आकांक्षा पूरा गर्न जनताको तीब्र चाहनाको सम्बोधन हुने गरी संगठन "शीघ्र सेवा-तीव्र विकास"को लागि सरकारको महत्वपूर्ण सहयात्री बन्न तत्पर रहेको व्यहोरा प्रष्ट पार्दै सो अभियान संगठनको तर्फबाट शुरु गरीसकेको व्यहोरा जानकारी गराउँछौं । साथै बार्षिकरुपमा प्रत्येक प्रदेशमा प्रदेश कार्यसमितिले र जिल्लामा जिल्ला तथा विभागिय कार्यसमितिले नेगो सुशासन सहजिकरण अभियानका साथ नागरीक मैत्री प्रशासन अभियान संचालनको अभियान सुरु गर्ने ।

ख. सेवा प्रवाह स्तरको कार्यालयमा स्थानीय भाषामा डिजिटल वा श्रव्यदृश्य सहितको ना गरीक बडापत्र राख्न जोड गर्ने ।

ग. संगठकलाई "मुस्कान सहितको सेवा, शिष्ट व्यवहार" र धन्यवाद सहितको सेवा प्रवाह गर्न प्रतिबद्ध बनाउने। पूर्णरुपमा अपांग तथा अशक्तहरुको लागि घरमा नै सेवा प्रवाहको व्यवस्थापनको लागि माग गर्ने ।

घ. होटलको जस्तो सत्कार र बैंकको जस्तो सेवा प्रदानमा जोड दिने ।

ङ. सहज सरकार र सरल प्रक्रियको अभियान सञ्चालन गर्न सरकारलाई सुझाव दिने ।

च. निगाहमा होईन अधिकारमा आधारित सेवा प्रवाहमा जोड दिने ।

छ. सेवा प्रवाहमा एकद्धार प्रणालीको विकास गर्न माग गर्ने ।

ज. सार्वजनिक सेवामा समयकार्ड लागू गर्ने कार्यमा जोड दिने ।

झ. कानून र प्रक्रिया सरल र जनताले बुझ्ने भाषामा रुपान्तरण गर्न बहस सञ्चालन गर्ने ।

ञ. विद्युतीय शासनमा जोड दिने सोही बमोजिम कर्मचारीहरुलाई प्रशिक्षित गर्ने कार्यमा भूमिका निर्वाह गर्ने ।

## ७. समसामयिक सवाल सम्वन्धमा:

क. २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी विद्रोहका क्रममा सरकारी कार्यालयमा आगजनी तोडफोड र लुटपाटका घटनाका कारण कर्मचारीहरुको आत्मबल अत्यन्त कमजोर बनेको छ ।कर्मचारीको कार्यस्थलको भरपर्दो सुरक्षा व्यवस्था नभएको निष्कर्ष रहेकोले सरकारले कर्मचारीलाई कार्यवातावरण तयार गर्न अनावश्यक दवाव दिने, गैरकानुनी रुपमा हुने क्रियाकलाप वन्द गर्ने व्यवस्थाको लागि सरकार सँग माग गर्ने । साथै उक्त घटनामा संलग्न दोषीको पहिचान गरी कानुनी कारवाहीको लागी माग गर्ने

ख. जेन्जी विद्रोह पछि लुटिएको हतियारहरु फिर्ता हुन नसकेको र कर्मचारी तथा सुरक्षाकर्मीहरुलाई धाकधम्की दिने लगायतका कृयाकलाप जारी नै छ। घोषित मितिमा निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व समेत कर्मचारीको रहेको हुँदा स्वच्छ, भयरहित र निष्पक्ष वातावरणमा निर्वाचन सम्पन्न गर्ने वातावरणको लागि सुरक्षाको प्रत्याभुतिको वातावरण सिर्जना गर्न र निर्वाचनमा खटिने कर्मचारीको विमा तथा सुरक्षाको ग्यारेन्टीको लागि सरकारसँग जोडदार माग गर्ने ।

ग. विश्व राजनैतिक व्यवस्थामा रुस युक्रेन , ईजरायल प्यालेस्टाइन, ईरान,भेनेजुएला लगायतका देशमा आक्रमण गरी जनधनको क्षति गराइएको उत्पादनशिल क्षेत्र खानी उद्योगमा हस्तक्षेप गरी साना देशको सार्वभौमसत्तामा दखल पुर्याउदै पंचशीलका सिद्धान्तको अवहेलना भइरहेको र विभिन्न क्षेत्रिय तथा विषयगत संस्थाहरुबाट विकसित राज्यहरु बाहिरिदै जाँदा बहुपक्षिय सहयोगनै जोखिम रहेकोप्रति हाम्रो देश सचेत रहन र यसको विरुद्ध अन्तर्राष्टिय मंचमा आवाज उठाउन सरकारको ध्यानाकर्षण गराउने ।

घ. सहकारी समस्या, भ्रष्टाचार, अनियमितता, प्राकृतिक स्रोत साधनको अतिदोहन, शान्ति सुरक्षाको खस्कदो स्थिति, वातावरणीय विनाश, अराजक गतिविधि जस्ता जनसरोकारका विषय तथा स्थानीय समस्याका बारेमा बहस, पैरवी गरी नेपाल सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने ।

ङ. संविधान र कानुन विपरित विभिन्न स्थानमा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृतिमा आँच आउने, सभ्य समाज र संस्कृति माथि प्रहार हुने गरी समाज बिरोधी र अराजक गतिविधि तथा हत्या, हिंसा, लुटपाट आगजानी जस्ता घटनालाई न्यूनिकरण गरी देशको सार्वभौमिकता, सद्भाव र सहिष्णुता कायम गर्न जोडदार माग गर्ने ।

च. आर्थिक रुपमा सक्रिय जनसंख्या विदेशीने क्रमलाई रोक्न स्वदेशमा रोजगारी सिर्जना गर्दै दिर्घकालीन रणनीति तयार गर्न सरकारसँग जोडदार माग गर्ने ।

छ. सामाजिक सञ्जालको प्रयोगमा देखिएको दुरुपयोगलाई नियन्त्रण गर्नको लागि सरकार समक्ष जोडदार माग गर्ने ।

अन्तमा, नेपाल निजामती कर्मचारी संगठनले गरेका नियमित संवाद, भेला तथा विविध गतिविधिहरुले पेसागत एंव निजामती क्षेत्रमा सकारात्मक प्रभाव पार्ने र संगठन गतिशिल बनाउछ भन्ने विश्वास लिइएको छ । नेपाल निजामती कर्मचारी संगठनले विगत देखि वर्तमानसम्म उठाउँदै गरेका विषय, माग र सवाललाई सरकार तथा सरोकारवालाको तर्फबाट यथाशिघ्र पूरा गर्न जोडदार माग गर्दछौ। केन्द्रीय कार्य समितिको तेस्रो बैठकलाई सफलतापूर्व सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न हुने केन्द्रीय पदाधिकारी तथा सदस्यज्यूहरु, सल्लाहकारज्युहरु, प्रमुख अतिथि लगायत अतिथिज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार र धन्यबाद व्यक्त गर्दछौं ।साथै हाम्रा विषयवस्तुहरुलाई उच्च प्राथमिकताका साथ प्रसारण, प्रकाशन तथा सम्प्रेषण गरी दिनु हुने छ भन्ने आशा एंव विश्वास लिएका छौ । धन्यवाद ।

हार्दिक अभिवादन सहित जय संगठन ॥

रामचन्द्र अधिकारी

महासचिव

मिति :२०८२ पौष २२ गते,

## एकता, एकीकरण र सामूहिक प्रवेश:

नेपाल निजामती कर्मचारी संगठन स्थापनाकाल देखि पेसागत मुद्दाहरुलाई उठान गर्दै निजामती क्षेत्रमा कार्यरत सबै कर्मचारीहरुको नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । २०७३ सालमा सम्पन्न भएको आधिकारीक ट्रेड युनियनको निर्वाचनमा सबै भन्दा बढि मत प्राप्त गरी निजामती क्षेत्रको राष्ट्रियस्तरको पहिलो र ठुलो ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठन रहेको सर्वविदितै छ । वर्तमान परिस्थितीमा ट्रेड युनियनको भूमिकालाई थप मजवुद बनाउनका लागि बलियो संगठन निर्माण आजको आवश्यकता रहेको अवस्थामा नेपाल निजामती कर्मचारी संगठन अन्य ट्रेड युनियन र ट्रेड युनियनका सदस्यहरुलाई संगठनमा एकता, एकिकरण र सामूहिक प्रवेशको माध्यमबाट आवद्ध हुन संगठन आव्हान र अनुरोध गर्दछ साथै एकता, एकिकरण र सामूहिक तथा व्यक्तिगत प्रवेशबाट संगठनमा आवद्ध हुने अन्य संगठनका पदाधिकारी/सदस्य मित्रहरुलाई संगठनमा उचित जिम्मेवारी प्रदान गरीने छ ।

## बधाई तथा शुभकामना कार्यक्रम:




नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको आयोजनामा मिति २०८२ पौष २२ गते राष्ट्रिय बाणिज्य बैक कर्मचारी सघ नेपालको बाहौ महाधिवेशनबाट नव निर्बाचित अध्यक्ष रविन्द्र प्रसाद चौलागाई लगायत सम्पूर्ण पदाधिकारी, सदस्यहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिने कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा संगठनको तर्फबाट निर्वाचित केन्द्रीय पदाधिकारी, सदस्यहरूलाई अध्यक्ष भवानी न्यौपाने दाहालले बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गर्नु भएको थियो । यस प्रकारका कार्यक्रमले ट्रेड युनियनहरु वीच एक आपसमा सुमधुर सम्बन्ध कायम हुने, एक अर्काका समस्याहरु पहिचान गर्ने र आगामी दिनमा एकतावद्ध भएर अगाडि वढ्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## आगामी प्रतिनिधिसभा निर्वाचनमा संगठनको भूमिका

आगामी २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा संबिधान, कानून र लोकतान्त्रिक मूल्य, मान्यताको परिधीमा रहेर स्वतन्त्र निष्पक्ष विश्वासयोग्य निर्वाचन सम्पन्न गराउन तटस्थ, अनुशासित र कानूनी दायरामा रहेर जिम्मेवारीपूर्वक लाग्न आम कर्मचारीहरुलाई आव्हान गर्ने, नेपाल निजामती कर्मचारी संगठन लोकतान्त्रिक मूल्य, मान्यताको संरक्षण, पेसागत मर्यादा, सेवा प्रवाहको निरन्तरता र कर्मचारीहरुको सेवा सुविधाका पक्षमा संस्थागत पैरवीमा लाग्दै स्वच्छ, निष्पक्ष, पारदर्शी र भयरहित ढंगबाट निर्वाचन सम्पन्न गराउनु पर्छ भन्ने पक्षमा रहेको छ । त्यस तर्फलाग्न सम्पूर्ण आम संगठकहरुलाई अनुरोध गर्दछौ ।

नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लिहरुले तोकिएको समयमा साधारण सभा सम्पन्न गर्ने, साधारण सभा सम्पन्न भएको १५ दिनभित्र नियामक निकायमा आफ्नो विवरण पेस गर्न र वचत तथा ऋणको कारोवार गर्न सहकारी संस्थाहरुले तोकिएको समयमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता हुन अनुरोध गर्ने संगठन केन्द्रीय कार्यसमितिको निर्णय भएको हुँदा सोहि बमोजिम गर्नु हुन संगठन सबै राष्ट्रसेवक सहकारी संस्थाहरुलाई निर्देशन गर्दछ । साथै २०८२ पौष मसान्त सम्म साधारण सभा सम्पन्न भएका सहकारीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | जिल्ला | साधारण सभा सम्पन्न मिति |
|---|---|---|
| कोशी प्रदेश | | |
| १ | ताप्लेजुङ | २०८२/९/१८ |
| २ | पाँचथर | २०८२/७/२९ |
| ३ | इलाम | २०८२/७/२२ |
| ४ | झापा | २०८२/८/६ |
| ५ | मोरङ | २०८२/६/२५ |
| ६ | सुनसरी | २०८२/९/१० |
| ७ | उदयपुर | २०८२/७/१ |
| ८ | धनकुटा | २०८२/८/६ |
| ९ | तेह्रथुम | २०८२/९/७ |
| १० | संखुवासभा | २०८२/९/१९ |
| ११ | भोजपुर | २०८२/९/२८ |
| १२ | खोटाङ | २०८२/९/२७ |
| १३ | ओखलढुङ्गा | २०८२/९/२७ |
| मधेश प्रदेश | | |
| १ | सिरहा | २०८२/९/२६ |
| २ | धनुषा | २०८२/९/२७ |
| वागमती प्रदेश | | |
| १ | सिन्धुली | २०८२/९/५ |
| २ | दोलखा | २०८२/५/१४ |
| ३ | काभ्रे | २०८२/९/२९ |
| ४ | सिन्धुपाल्चोक | २०८२/९/७ |
| ५ | रसुवा | २८२/९/२७ |
| ६ | नुवाकोट | २०८२/८/१५ |
| ७ | धादिङ | २०८२/९/२६ |
| ८ | काठमाडौं | २०८२/५/२१ |
| ९ | भक्तपुर | २०८२/७२८ |
| १० | ललितपुर | २०८२/९/१५ |
| ११ | चितवन | २०८२/८/२० |
| १२ | मकवानपुर | २०८२/९/२६ |

| क्र.सं. | जिल्ला | साधारण सभा सम्पन्न मिति |
|---|---|---|
| गण्डकी प्रदेश | | |
| १ | तनहुँ | २०८२/९/५ |
| २ | गोरखा | २०८२/९/७ |
| ३ | कास्की | २०८२/७/२२ |
| ४ | नवलपरासी पुर्व | २०८२/९/२५ |
| ५ | स्याङ्जा | २०८२/८/२७ |
| ६ | वाग्लुङ | २०८२/९/१२ |
| ७ | म्याग्दी | २०८२/९/४ |
| ८ | पर्वत | २०८२/९/५ |
| लुम्बिनी प्रदेश | | |
| १ | नवलपरासी पश्चिम | |
| २ | रुपन्देही | २०८२/७/२९ |
| ३ | कपिलवस्तु | २०८२/९/२६ |
| ४ | पाल्पा | २०८२/६/२५ |
| ५ | अर्घाखाँची | २०८२/९/१९ |
| ६ | गुल्मी | २०८२/९/२६ |
| ७ | पूर्वी रुकुम | २०८२/९/२९ |
| ८ | प्युठान | २०८२/९/२६ |
| ९ | दाङ | २०८२/९/५ |
| १० | बाँके | २०८२/७/२५ |
| ११ | बर्दिया | २०८२/९/१२ |
| कर्णाली प्रदेश | | |
| १ | सल्यान | २०८२/९/२६ |
| २ | सुर्खेत | २०८२/६/२५ |
| ३ | दैलेख | २०८२/९/२६ |
| सुदुरपश्चिम प्रदेश | | |
| १ | बैतडी | २०८२/७/ |
| २ | कैलाली | २०८२/९/१२ |
| ३ | कञ्चनपुर | २०८२/९/२६ |

**नेपाल निजामती कर्मचारी संगठनको तेस्रो केन्द्रीय कार्यसमितिको बैठकबाट भएका निर्णय कार्यान्वयन गर्नको लागि केन्द्रीय पदाधिकारी, सचिवालय सदस्य, केन्द्रीय सदस्य तथा आयोगका सदस्यहरु, सबै प्रदेश/जिल्ला/विभागीय कार्य समितिहरुलाई देहायबमोजिम सर्कुलर गरि एको छ । सोही बमोजिम निर्णय कार्यान्वयन गर्नु गराउनु हुनसमेत अनुरोध गरिन्छ ।**

विषय :- **बैठकका निर्णय कार्यान्वयन गर्ने बारे ।**

प्रस्तुत विषयमा मिति २०८२ पौष १९ र २० गते बबरमहल, काठमाडौंमा सम्पन्न भएको केन्द्रीय कार्य समितिको तेस्रो बैठकले गरेका निर्णयहरु यसैसाथ संलग्न गरी पठाइएको छ । बैठकले गरेका निर्णय कार्यान्वयनका साथै निर्देशन पालनाका लागि अनुरोध छ ।

१) आफ्नो जिम्मेवारीमा रहेको जिल्ला/विभागीय कार्य समितिमा भएका गतिविधिहरुको प्रतिवेदन मासिक रुपमा अर्को महिनाको ३ गते भित्र केन्द्रीय कार्य समितिमा पठाउने ।

२) आफ्नो जिम्मेवारीमा रहेको जिल्ला/विभागीय कार्य समितिको कामको अनुगमन मूल्यांकन गरी संगठनका गतिविधिलाई व्यवस्थित गर्ने ।

३) आ.व.२०८२/८३ को सदस्यता नविकरण तथा नयाँ सदस्यहरुको विवरण सहितको "कर्मचारी कल्याण कोष"मा आवद्धता समेतका विवरण केही जिल्ला/विभागीय कार्य समितिको प्राप्त हुन बाँकी रहेकोमा उक्त बाँकी रहेका विवरण तत्काल केन्द्रीय कार्य समितिमा पठाउने व्यवस्था मिलाउने ।

४) संगठन सुदृढीकरण एवं शुद्धिकरण अभियानको एउटा प्रमुख आयामको रुपमा रहेको प्रशिक्षण कार्यक्रम प्रदेशस्तरको २०८२ चैत्रसम्म, जिल्ला/विभागीय कार्यसमिति २०८३ असारसम्म र पालिकास्तरको २०८३ असोजसम्म सम्पन्न गर्नुपर्ने हुँदा सोहि अनुसार कार्ययोजना निर्माण गर्न हुन ।

५) राष्ट्रसेवक सहकारी संस्था लि.हरुका साधारण सभा सम्पन्न हुन बाँकी जिल्लाहरुमा तत्काल साधारण सभा सम्पन्न गर्ने गरि मिति तय गर्न र साधारण सभा सम्पन्न भएको १५ दिनभित्र नियामक निकायमा र राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा तोकिएको समयमा दर्ता हुन सम्बन्धित जिल्लाका संगठन र सहकारीहरुलाई निर्देशन गर्ने ।

६) प्रदेश, जिल्ला/विभागीय कार्यसमितिका नियमित बैठकमा इञ्चार्जहरु अनिवार्य रुपमा उपस्थित हुनु पर्ने र कार्यसमितिले सम्बन्धित इञ्चार्जलाई बैठकमा अनिवार्य रुपमा खवर गर्नुपर्ने । संगठन जिल्ला कार्यसमितिको बैठकमा तत् जिल्लाको राष्ट्रसेवक सहकारीका अध्यक्षलाई र राष्ट्रसेवक सहकारीको बैठकमा तत् जिल्लाको संगठनका अध्यक्षलाई अनिवार्य आमन्त्रण गर्ने ।

७) नेपाल निजामती कर्मचारी संगठन,केन्द्रीय कार्य समितिको तेस्रो बैठकबाट निर्णय भएका प्रशिक्षण, राष्ट्रिय महिला भेल भेला युवा तथा अध्यक्षहरुको राष्ट्रिय भेला,संगठन सुदृढीकरण अभियान र सहकारी विज्ञ गोष्ठी लगायतका का कार्यकमहरु कार्यान्वयनमा तदारुकताकासाथ लाग्नु हुन केन्द्रीय पदाधिकारी तथा सदस्यहरु, जिल्ला/विभागीय कार्य समिसमितिका ईन्चार्ज, प्रदेश कार्य समिति, जिल्ला/विभागीय कार्य समितिहरुलाई अनुरोध गरिन्छ ।

**विषय :- तेस्रो बैठकको निर्णय पठाईएको बारे ।**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको बाह्रौ महाधिवेशन (२०८१ माघ ३० देखि फागुन ३ काठमाडौं) पश्चातको **"केन्द्रीय कार्य समितिको तेस्रो बैठक"** अध्यक्ष भवानी न्यौपाने दाहालको अध्यक्षतामा २०८२ पौष १९ र २० गते काठमाडौंमा सम्पन्न भएको छ। उक्त बैठकले गरेका निर्णयहरु सिर्जनात्मक तथा रचनात्मक ढंगले कार्यान्वयन गर्न गराउन अनुरोध छ ।

**निर्णयहरु** :

१. संगठनका महासचिव रामचन्द्र अधिकारीबाट प्रस्तुत **"साँगठनिक प्रतिवेदन"**, कोषाध्यक्ष यामकुमारी सापकोटाबाट प्रस्तुत **"आर्थिक प्रतिवेदन"** मा सबैबाट प्राप्त राय सुझाव समावेश गरी पारित गर्ने ।

२. संगठनको अभिन्न अंगको रुपमा रहेको **"प्रशिक्षण कार्यक्रम"**लाई व्यबस्थित गर्दै प्रदेशस्तरको प्रशिक्षण २०८२ चैत्र मसान्तभित्र, जिल्ला/विभागीय प्रशिक्षण २०८३ असार मसान्तभित्र र पालिकास्तरको प्रशिक्षण २०८३ असोज महिनाभित्र सम्पन्न गर्ने ।

३. सार्वजनिक प्रशासनमा महिलाहरुको पहुँच बढाउन, कार्यस्थलमा हुने भेदभावको अन्त्य, नेतृत्व विकास नवप्रवेशी महिला कर्मचारीहरुलाई

संगठनप्रति आकर्षण बढाउन लगायत विविध विषयहरुमा छलफल गर्न मिति २०८३ बैशाखमा **"राष्ट्रिय महिला भेला"**को आयोजना गर्ने ।

४. नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लि.को **"छैठौं राष्ट्रिय सहकारी भेला"** २०८३ असोज मसान्तभित्र सम्पन्न गर्ने ।

५. सार्वजनिक सेवा प्रवाह,पारदर्शिता,जवाफदेहिता,सदस्यता नविकरण तथा विस्तार,राष्ट्रसेवक सहकारी संस्थाको सुदृढीकरण लगायतका विषयहरु समावेश गरी **"संगठन सुदृढीकरण अभियान २०८२"** माघ,फागुन र चैत्र महिनासम्म सम्पन्न गर्ने । संगठन सुदृढीकरण अभियानलाई **"मिसन पालिका"** अभियानसँग जोड्ने ।

६. संगठनको आन्तरिक जीवनलाई क्रियाशिल र प्रभावकारी वनाउँदै नवप्रवेशी कर्मचारीहरुलाई संगठनप्रति आकर्षण बढाउन मिति २०८२ फागुन महिनामा **"युवा तथा अध्यक्षहरुको राष्ट्रिय भेला"** आयोजना गर्ने ।

७. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको आयोजनामा संगठन स्थापना दिवश २०८३ बैशाख ७ को अवसरमा काठमाडौंमा **"नेगो विविध साँस्कृतिक साँझ २०८३"** कार्यक्रमको आयोजना गर्ने ।

८. संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्थाहरुको वार्षिक साधारण सभा, सहकारी ऐन, नियम अनुसार तोकिएको समय सिमा भित्रमा सम्पन्न गर्ने ।

९. नेपाल निजामती कर्मचारी संगठनमा एकता,एकीकरण र सामूहिक प्रवेशको कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अभियानको रुप संचालन गर्ने ।एकीकरण तथा सामूहिक प्रवेशको लागि आह्वान गर्दै यसरी संगठनमा आवद्ध हुने अन्य संघ, संगठनका पदाधिकारी सदस्यहरुलाई योग्यता, क्षमता,ज्येष्ठता र क्रियाशिलताका आधारमा उपयुक्त जिम्मेवारी प्रदान गर्ने ।

१०. बाह्रौ महाधिबेशनवाट निर्वाचित केन्द्रीय पदाधिकारी सदस्यहरुको व्यक्तिगत विवरण प्रदेश जिल्ला/ विभागीय कार्य समितिको विवरण लगायत महत्वपूर्ण सामाग्रीहरु समावेश गरी **संगठन सम्पर्क डायरी २०८२** साथै **प्रशिक्षण सन्दर्भ सामग्री** प्रकाशन भई वितरणमा रहेकोमा सबै प्रदेश/जिल्ला/विभागीय कार्य समितिहरुले आ-आफ्नो आवश्यक संख्या लानका लागि अनुरोध गर्ने ।

११. संगठन विस्तारलाई मध्यनजर गरी हरेक वर्ष उपत्यका प्रदेश कार्यसमितिद्वारा आयोजना गरिने **बृहत बनभोज कार्यक्रम २०८२** विगत वर्ष भन्दा अझ ब्यबस्थित बनाउदै फागुन महिनामा वृहत्त रुपमा आयोजना गर्ने र उक्त कार्यक्रममा आवश्यक सहयोगका साथै सक्रिय सहभागिताका लागि केन्द्रीय पदाधिकारी÷ सदस्यहरु, जिल्ला/विभागीय कार्य समिति लगायत सम्पूर्णमा अनुरोध गर्ने ।

१२. २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा सरकारी कार्यालयमा आगजनी तोडफोड र लुटपाटका घटनाका कारण कर्मचारीहरुको आत्मबल अत्यन्त कमजोर बनेको छ । कर्मचारीको कार्यस्थलको भरपर्दो सुरक्षा व्यवस्था नभएको निष्कर्ष निकाल्दै कर्मचारीलाई कार्यवातावरण तयार गर्ने, गैरकानुनी रुपमा हुने क्रियाकलाप वन्द गर्न, सरकारसँग माग गर्दै आन्दोलनमा संलग्न दोषीको पहिचान गरी कानुनी कारवाहीको लागी नेपाल सरकारको ध्यानार्कर्षण गराउने ।

१३. २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा नेपाल निजामती कर्मचारी संगठनको केन्द्रीय कार्यालय भवन समेतमा आगजनी, तोडफोड, लुटपाट समेत गरी संगठनको कार्यालय भवन आंशिक रुपमा क्षति भएकोले संगठन कार्यालय मर्मत सम्भारका लागि सम्पूर्ण सदस्यहरुलाई सहयोगको लागि अनुरोध गर्ने

१४. जेन्जी आन्दोलनमा लुटिएको हतियारहरु फिर्ता हुन नसकेको र कर्मचारी तथा सुरक्षाकर्मीहरुलाई धाकधम्की दिने लगायतका क्रियाकलाप जारी रहेको वर्तमान अवस्थामा घोषित मितिमा निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व कर्मचारीको रहेको हुँदा स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सुरक्षाको प्रत्याभुतिको वातावरण सिर्जना गर्न नेपाल सरकार समक्ष माग गर्ने ।

१५. लामो समयदेखि अस्थायी, करारमा कार्यरत कर्मचारीहरुलाई विना कारण सेवाबाट हटाउने सरकारको निर्णयप्रति ध्यार्नाकषण गराउदै सार्वजनिक तथा सरकारी निकायमा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषसँग अनिवार्य जोड्नु पर्ने । अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई समेत स्थायी कर्मचारी सरहको विदा तथा महंगी भत्ता, उपलब्ध गराउने ब्यबस्थाको लागि नेपाल सरकारसँग माग गर्ने अन्त्यमा, हामी संगठनको तेस्रो बैठकले पारित गरेका कार्यनीति तथा कार्यभारहरुको कार्यान्वयनको जिम्मेवारी पूरा गर्ने अभियानमा छौं । केन्द्रीय कार्य समितिको तेस्रो बैठकले गरेका महत्वपूर्ण निर्णयहरु कार्यान्वयनको लागि आफु र आफु मातहतका प्रदेश, जिल्ला/विभागीय कार्य समिति तथा सम्पूर्ण संगठक मित्रहरुलाई यसै परिपत्र मार्फत जानकारीका लागि अनुरोध छ ।

श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन

**(Nepal Government Employees' Organization)**

**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं**

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

२०८२ कार्तिक २५

## प्रेस विज्ञप्ति

निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, प्रभावकारी र सुशासनयुक्त बनाउने उद्धेश्यका साथ स्थापना भएको निजामती क्षेत्रको पहिलो राष्ट्रियस्तरको ट्रेड युनियन, नेपाल निजामती कर्मचारी संगठनले आफ्ना हक अधिकारहरु स्थापित गर्न, सेवाको सुरक्षाको प्रत्याभुत गर्न, कर्मचारीको कार्यस्थलको सुरक्षाको ग्यारेण्टी लगायत जनतालाई प्रदान गर्ने सेवा छिटो, छरितो र प्रभावकारी वनाउनको लागि निन्तर क्रियाशिल रहँदै आएको छ ।संगठनले सेवा प्रवाहमा सुधारको माध्यमबाट सार्वजनिक प्रशासनलाई गरिमामय सेवाको रुपमा स्थापित गर्नु पर्दछ भनि सेवा अब लाईनमा होईन अनलाईनमा प्रदान गर्नु पर्दछ भनी निरन्तर लागिरहेको विषय सार्वजनिक सेवामा सर्वविदितै छ ।

मिति २०८२ कार्तिक २४ गते मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्तिको विषयलाई लिएर आन्दोलनरत जिम्मेवार व्यक्तिहरुबाट प्रदेश प्रमुख कार्यकक्ष, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तोडफोड तथा आगजनी र राष्ट्रसेवक कर्मचारीहरुमाथि अपमानजनक शब्दहरु प्रयोग गर्दै कुटपिट गरेको घटनाप्रति नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यसमितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

सार्वजनिक प्रशासनलाई अन्यौल र अस्थिरतामा पार्ने, आफ्नो मनोवल उच्च राखी कार्यस्थलमा खटिएका कर्मचारीमाथी विना कारण राजनैतिक मुद्धालाई लिएर राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी माथि जनताको अभिमत प्राप्त जिम्मेवार व्यक्तिहरुवाट हातपात गर्ने विषय गम्भिर रहेको छ । जुनसुकै विवाद र समस्याको समाधान वार्ता, सम्वाद र सामुहिक सौदावाजीको माध्यमबाट निकाल्न सकिन्छ भन्ने संगठनको ठहर रहेको छ । कार्यस्थलमा सेवा प्रवाह गरिरहेका कर्मचारी माथि हुने अमानवीय र कानून विपरित हुने घटनाप्रति संगठन घोर निन्दा र भत्सर्ना गर्दछ । कार्यालयको काममा खटिएको कर्मचारीमाथि धाकधम्की दिने, कुटपिट गर्ने जिम्मेवार पदाधिकारीहरुलाई कानून बमोजिम मुलुकी संहिता बमोजिम कडा कारबाही गर्न संगठन जोडदार माग गर्दछ ।

जिम्मेवार जनप्रतिनिधिबाट सोहि क्षेत्रमा काम गर्ने राष्ट्रसेवक कर्मचारी माथि हुने यस प्रकारका घटनाले सेवा प्रवाहमा पर्ने असरका साथै उच्च मनोवलका साथ काम गर्ने उत्साह समेत रहदैन । त्यसैले यस प्रकारका गतिविधीहरुलाई निरुत्साहित गर्दै घटनामा संलग्न जोसुकैलाई कानून बमोजिम कारबाही गर्न र कर्मचारीहरुले सेवा प्रवाह गर्ने कार्यस्थलको सुरक्षाको प्रत्याभूत गराउन नेपाल सरकार र सरोकारवाला पक्षसँग संगठन जोडदार माग गर्दछ ।

रामचन्द्र अधिकारी
महासचिव


# कोशी प्रदेश कार्यसमितिका गतिविधि

कोशी प्रदेशका प्रमुख सचिव श्री चन्द्रकला पौडेलको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरूवा भएकोले नेपाल निजामती कर्मचारी संगठनको तर्फबाट आगामी कार्यकालको सफलताको शुभकामना सहित विदाइ कार्यक्रम सम्पन्न भएको थियो।



## कोशी प्रदेश कार्य समितिः

मोरङ्ग जिल्लामा सरूवा भई आउनु भएका प्रमुख जिल्ला अधिकारी श्री युवराज कट्टेलज्यू लाई कार्यकालको सफलताको शुभकामना सहित नेपाल निजामती कर्मचारी संगठन,कोशी प्रदेश कार्यसमिति र जिल्ला कार्यसमिति मोरङको तर्फबाट गरिएको स्वागत कार्यक्रमको झलक।



मिति:२०८२/०९/०४

श्रीमान सचिव ज्यू
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश बिराटनगर ।

विषयः संयुक्त ज्ञापन पत्र सम्बन्धमा ।

नेपालको संविधान बमोजिम प्रशासनिक संघीयता कार्यान्वयनका लागि कर्मचारी समायोजन ऐन २०७५ अनुसार संघीय निजामती सेवामा रहेका कर्मचारीहरु प्रदेश र स्थानीय तहमा समायोजन भएका साथै प्रदेश निजामति सेवा एवं स्थानीय सरकारी सेवा ऐन अनुसार नियुक्त भएका कर्मचारीहरु प्रदेश र स्थानीय तहका विभिन्न सेवा, समूहका पदहरुमा कार्यरत रहेको अवस्था सर्वविदितै छ । यसरी कार्यरत कर्मचारीहरुको मनोबल उकास्ने खालका कर्मचारीमैत्री निर्णयहरु गर्नु पर्नेमा त्यस विपरित कोशी प्रदेश सरकारले विभिन्न समयमा प्रदेश निजामति सेवामा रहेका कर्मचारीहरुको मनोबल खस्कने निर्णयहरु हुँदै आएकोमा स्वास्थ्य मन्त्रालयले केही दिन अगाडी प्रदेश निजामति सेवामा कार्यरत कर्मचारीहरुको हित विपरित हुने गरी गरेको अविवेकीय सरुवा, काज तथा पदास्थापनप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । सो निर्णयबाट प्रदेश निजामती सेवामा कार्यरत निम्न प्रकृतिका कर्मचारीहरु मर्कामा परेकाले सो कार्य तुरुन्त सच्याउन जोडदार रुपमा माग गर्दछौं ।

- प्रदेश निजामति सेवाको स्वास्थ्य सेवा अन्तर्गत विभिन्न समूह तथा उपसमूहका तह र पदमा सिनियर कर्मचारी उपलब्ध हुँदा समेत प्रदेश सेवाका कर्मचारीलाई कार्यालय प्रमुखको जिम्मेवारी प्रदान नगरिएको ।
- राष्ट्रिय स्तरका ट्रेड युनियनका जिल्ला अध्यक्ष तथा पदाधिकारीहरुलाई जिल्ला बाहिर काज/ सरुवा पदास्थापन गरिएको ।
- कर्मचारीहरुलाई सरुवा गर्दा घरपायकको पेरीफरीको जिल्लालाई प्राथमिकतामा राखि सरुवा गर्नु पर्नेमा अपायक पर्ने भूगोलको जिल्लामा सरुवा गरेको ।
- प्रदेश मन्त्रालयले पदस्थापन/सरुवा निर्णय गर्दा यस प्रदेशमा क्रियाशिल राष्ट्रियस्तरका ट्रेड यूनियनहरु संग समन्वय नगरेको ।

माथि उल्लेखित बिषयमा तत्काल सम्बोधन गर्नका लागि यो ज्ञापन पत्र बुझाइएको छ ।प्रचलित कानुन र स्थापित विधिलाई समेत वेवस्था गर्दै प्रदेश निजामती सेवाका कर्मचारीहरुको मनोवलमा आच आउने यस प्रकारको सरुवा तथा पदस्थापनको तत्काल सम्सोधन गर्न जोडदार माग गर्दछौ । हाम्रा मागहरुलाई वेवास्था गरिए थप विरोध तथा आन्दोलनका कार्यक्रमहरु अगाडी वढाउन ट्रेड यूनियनहरु बाध्य हुने कुरा यसै ज्ञापन पत्र मार्फत जानकारी गराउदछौ यसलाई वेवास्ता गरी निर्णय नसच्याईएमा कर्मचारी संगठनहरु थप कदम चाल्न बाध्य हुने कुरा अवगत गराउन चाहान्छौ ।

हरी प्रसाद सुवेदी
अध्यक्ष
नेपाल निजामति कर्मचारी संगठन,
कोशी प्रदेश

रुद्र प्रसाद सुवेदी
अध्यक्ष
नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन
कोशी प्रदेश

योगेश्वर खनाल
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन नेपाल,
कोशी प्रदेश

बोधार्थ
श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर ।





कोशी प्रदेश मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयमा सरूवा भई आउनु भएका प्रमुख सचिव श्री राजेन्द्र पौडेलज्यूलाई नेपाल निजामती कर्मचारी संगठन,कोशी प्रदेश,जिल्ला कार्यसमिति मोरङ,सुनसरी सहित केन्द्रीय सदस्य लगायतका प्रतिनिधि मुलक संगठकहरूको तर्फबाट वहाँलाइ बधाई तथा सफल कार्यकालको शुभकामना दिने कार्यक्रम सम्पन्न भएको थियो ।

## मोरङः

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति, राष्ट्र सेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेड र राष्ट्र सेवक ज्येष्ठ नागरिक समाज मोरङको संयुक्त आयोजनामा रमाइलो वनभोज तथा सम्मान कार्यक्रममा सेवा निवृत हुनु भएका ३४ कर्मचारीलाई सम्मान गरिएको थियो । उक्त कार्यक्रममा बोल्दै संगठनका पूर्व महासचिव एवं सहकारीका अध्यक्ष जीवन काफ्लेले ट्रेड युनियनलाई संगठित बनाउन र सदस्यहरूबीच चिनजानका साथै भावनात्मक एकता कायम गर्न यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् ।



उक्त कार्यक्रममा ओमराज सुवेदी, मुरारी घिमिरे, जीवन काफ्ले, विनोद कुमार न्यौपाने, बसन्त घिमिरे, राधा नेपाल, शरण गजमेर, जय काफ्ले, राजन भण्डारी, नन्दकिशोर काफ्ले, कृष्ण मिलन कार्की, तारा शर्मा खत्री, लिलादेवी शिवाकोटी, टेकनाथ घिमिरे, बलराम तिम्सिना, योगेन्द्र पौडेल र द्रोण प्रसाद पोखरेल सम्मानित भए । त्यसैगरी कृष्ण प्रसाद भट्टराई, सीताराम उपाध्याय, शुशीला श्रेष्ठ, खड्ग बस्नेत, राजेन्द्र प्रसाद श्रेष्ठ, राजेन्द्र घिमिरे, मात्रिका नेपाल, केसव अर्याल, पुलराज पुरी, बलराम गौतम, फणिन्द्र खत्री, चेतनाथ न्यौपाने, राम प्रसाद चापागाईं, किशोर कार्की, खगेश्वर काफ्ले, डिल्ली धिमाल र पशुराम चालिसेलाई पनि उनीहरूको राष्ट्र सेवाको कदर गर्दै सम्मान गरिएको थियो । सम्मानित व्यक्तित्वहरूको तर्फबाट मुरारी घिमिरेले मन्तव्य राखेका थिए उक्त कार्यक्रममा संगठनका केन्द्रीय उपाध्यक्ष युवाचन्द्र घिमिरे, केन्द्रीय सदस्य काशी पराजुली, प्रदेश अध्यक्ष हरि सुवेदी लगायतले निवृत्त कर्मचारीहरूको सम्मान गर्दै सामूहिक आत्मीयताको विकास नै संगठनको मुख्य उद्देश्य रहेको बताएका थिए ।

## झापाः

नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्यसमिति झापाको आयोजना तथा बिर्तामोड र अर्जुनधारा नगर कार्यसमितिको व्यवस्थापनमा मिति २०८२ भदौ १३ र १४ गते बिर्तामोडमा आयोजित २ दिवसीय जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रम संगठन जिल्ला कार्यसमिति अध्यक्ष श्री हिरण्य न्यौपानेज्युको अध्यक्षता, नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्यसमिति अध्यक्ष श्री भवानी न्यौपाने दाहालज्युको प्रमुख आतिथ्यता, संगठन केन्द्रीय कार्यसमिति बरिष्ठ उपाध्यक्ष तथा प्रशिक्षण विभाग प्रमुख श्री रेवन्त गौतम, महसचिव श्री रामचन्द्र अधिकारी, उपत्यका प्रदेश कार्यसमिति इन्चार्ज श्री गणेश प्रसाद आचार्य, संविधानसभा सदस्य तथा नेकपा एमाले झापा अध्यक्ष श्री प्रेम गिरी, नेकपा एमाले केन्द्रीय सदस्य तथा झापा जिल्ला इन्चार्ज श्री रोमनाथ ओली,




बिर्तामोड नगरपालिका नगरप्रमुख श्री पवित्रा महतरा प्रसाई, नगर उप प्रमुख श्री नगेन्द्र संग्रौला, संगठन कोशी प्रदेश सह-इन्चार्ज श्री खोम खालीङ राई, कोशी प्रदेश पुर्व सभासदस्य माननीय श्री बसन्त कुमार बाँनियाको विशेष आतिथ्यता तथा संगठन कोशी प्रदेश कार्यसमिति अध्यक्ष श्री हरि प्रसाद सुवेदी, संगठन केन्द्रीय सदस्य तथा झापा जिल्ला इन्चार्ज श्री बशिष्ठ अधिकारी, संगठन केन्द्रीय सदस्य तथा इलाम जिल्ला इन्चार्ज श्री छवि ढकाल, संगठन केन्द्रीय कार्यसमिति निवर्तमान उपाध्यक्ष तथा नेकपा एमाले झापा जिल्ला सचिवालय सदस्य श्री देवराज कार्की, संगठन केन्द्रीय सदस्य तथा मोरङ जिल्ला इन्चार्ज श्री काशि पराजुली, संगठन मोरङ जिल्ला अध्यक्ष श्री सालिकराम कोइराला, संगठन इलाम जिल्ला अध्यक्ष श्री पारस न्यौपाने, पेशागत महासंघ झापा अध्यक्ष श्री तुलसी भण्डारी, प्रेस चौतारी झापा अध्यक्ष श्री प्रदिप परियारलगायत प्रदेश, जिल्ला र पालिका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. झापाका पदाधिकारी तथा शेयर सदस्यहरुको आतिथ्यता तथा सहभागितामा भव्य रुपमा सम्पन्न भएको छ



नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति झापा तथा राष्ट्रसेवक सहकारी झापाको आयोजना एवं संगठन कनकाई नगरपालिका कार्यसमितिको व्यवस्थापनमा सम्पन्न रमाइलो वनभोज कार्यक्रम २०८२ पुष १२ गते धनुषकोटी सुरुङ्गा मा सम्पन्न भएको थियो ।

## ईलामः

नेपाल निजामती कर्मचारी संगठन र राष्ट्रसेवक बचत तथा ऋण सहकारी इलामको संयुक्त आयोजनामा मिति २०८२ साल पुष ५



गते कर्मचारीहरु बिच भेटघाट तथा रमाइलो बनभोज कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा करिब २२५ जनाको उपस्थिति रहेको थियो ।

# बागमती प्रदेश कार्यसमितिका गतिविधि

नेपालका निजामती कर्मचारीहरूको सबैभन्दा जेठो, भरोसायोग्य एवं आम कर्मचारीहरुको गौरवशाली संस्था नेपाल निजामती कर्मचारी संगठनको गौरवमय इतिहास कोर्ने क्रममा जीवन उत्सर्ग गर्नु हुने आदरणीय शहीद मनोज जोशी - झपेन्द्र कार्की-सुरेन्द्र वि.क . साथै मुलुकको प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक र पेशागत आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान् शहीदहरू प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । यस अवधिमा नेपाल निजामती कर्मचारी संगठनको सांगठनिक अभियानमा लामो समयसम्म अर्थपूर्ण योगदान दिई असामयिक निधन हुनुभएका संगठनका पूर्व पदाधिकारी, सदस्य लगायत विभिन्न कारणले असामयिक निधन हुनुभएका संगठकज्यूहरूप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै, परिवारजनमा गहिरो समवेदना ।

❖ मिति २०८१ माघ २६ गते सम्पन्न नेपाल निजामती कर्मचारी संगठनको दोस्रो अधिवेशन पश्चात बरुण कुमार साहको अध्यक्षतामा नेपाल निजामती कर्मचारी संगठन बागमती प्रदेश कार्य समिति गठन भएको ।

❖ मिति २०८२ माघ २९ गते बाट मिति २०८१ फाल्गुन३ गते सम्म संचालित १२ औं केन्द्रीय महाधिवेशनबाट श्री भवानी न्यौपाने दहालज्यूको नेतृत्वमा केन्द्रीय कार्य समितिको निर्बाचन भएको ।

❖ २०८१ चैत्र २४ गते आइतवार साँझ ७ :३० बजे भर्चुअल माध्यमबाट पहिलो बैठक बसेको जुन बैठकबाट शुभकामना आदान प्रदान तथा पहिलो विस्तारित बैठकको मिति ,समय र स्थान तय गरेको ।

❖ मिति २०८२ वैशाख ६ गते चितवनको भरतपुरको राइनोक्रुजमा अध्यक्ष श्री वरुण कुमार साहको अध्यक्षतामा केन्द्रीय अध्यक्ष श्री भवनी न्यौपाने दहालको प्रमुख आतिथ्यतामा पहिलो विस्तारित बैठक सम्पन्न जसबाट १३ बुँदे राइनो क्रजु घोषणापत्र जारी गरी सम्पन्न जसबाट भएका निर्णयहरु तपसिल बमोजिम छन् ।

**प्रस्तावहरु**

१. नव वर्ष २०८२को शुभकामना आदान प्रदान
२. नवगठित केन्द्रीय कार्यसमितिलाई बधाई तथा निबर्तमान बागमती प्रदेश कार्यसमितिलाई धन्यवाद ज्ञापन
३. संघीय निजामती सेवा ऐन तथा बिद्यालय शिक्षा ऐन
४. बागमती प्रदेश कार्यसमितिको रिक्त पदमा मनोनयन
५. विभागहरु गठन तथा जिम्मेवारी बाँडफाँड
६. सचिवालय गठन
७. सल्लाहकार समिति गठन
८. राष्ट्रसेवक सहकारी संचालन
९. प्रदेश कार्य समितिको नियमित बैठक तथा वार्षिक कार्ययोजना
१०. बैंक खाता संचालन

११. सम्मान

१२. धन्यवाद ज्ञापन

१३. बिबिध

**निर्णयहरु:-**

निर्णय नं १ प्रस्ताव नं १ माछलफल गर्दा नयाँ वर्ष २०८२ सालको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ दिदी बहिनीहरुमा सुख,शान्ति र समृद्धिको हार्दिक मंगलयमय कामना गर्दै निजामती कर्मचारी मैत्री संघीय निजामती सेवा ऐनजारी हुन सकोस भन्ने यस कार्यसमिति शुभकामना ज्ञापन गर्दछ।

निर्णय नं २ प्रस्ताव नं २ मा छलफल गर्दा नेपाल निजामती कर्मचारी संगठनको मिति २०८१ माघ २९ देखि फाल्गुन ३गते सम्म सम्पन्न १२ औं केन्द्रीय महाधिवेशनबाट संगठनको इतिहासमा पहिलो पटक महिला अध्यक्ष श्री भवानी न्यौपाने दाहालज्यूको नेतृत्वमा नव निर्वाचित सम्पूर्ण पदाधिकारी,सचिवालय सदस्य तथा सदस्यहरुलाई हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना यस कार्यसमितिज्ञापन गर्दछ ।

निर्णय नं ३ प्रस्ताव नं ३ मा छलफल हुँदा निजामती सेवा विधेयक तथा बिद्यालय शिक्षा विधेयक सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो ।

क. राजनीतिक संघीयता भएता पनि संघीयता कार्यान्वयनको मूल कडीको रुपमा रहेको निजामती सेवा विधेयक लामो समय देखि जारी हुन नसकी हाल सांसदको राज्यब्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको हुँदा उक्त विधेयक जारी गराउन सरकार सँग जोडदार माग गर्ने ।साथै उक्त विधेयक जारी गराउन निजामती क्षेत्रमा क्रियाशील संयुक्त ट्रेड युनियन संजालबाट मिति २०८२।०१।०५ गते सार्बजनिक गरिएको सम्पूर्ण कार्यक्रमहरुलाई सफल बनाउन बागमती प्रदेश कार्य समिति र यस अन्तर्गतका सबै जिल्ला कार्य समितिहरुलाई सरिक गराउन आव्हान गर्ने ।

ख. विद्यालय शिक्षा विधेयक जारी हुन नसकेका कारण देशभरिका शिक्षकहरु द्वारा मिति २०८१।१२।२० गते देखि जारी राजधानी केन्द्रित शान्तिपूर्ण सडक आन्दोलन प्रति प्रदेश कार्यसमितिको तर्फबाट ऐक्यबद्धता प्रकट गर्दै शिक्षक आन्दोलनमा उठेका जायज मागहरुको यथोचित सम्बोधन गरी विद्यालय शिक्षा विधेयक तत्काल जारी गराउन नेपाल सरकार संग जोडदार माग गर्ने ।

निर्णय नं ४ प्रस्ताव नं ४ उपर छलफल गर्दा नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ (एघारौं संशोधन २०८१) को दफा २५ बमोजिम रिक्त रहेको प्रदेश कार्यसमितिको सदस्य पदमा तपसिल बमोजिमका संगठकहरुलाई मनोनयन गर्नेः-

क) सदस्य श्री पुरुषोत्तम हुमागाईं (मकवानपुर )

ख) सदस्य श्री रबिन्द्र प्रसाद कँडेल (धादिङ )

ग) सदस्य श्री नुवाकोट / रसुवा मध्येबाट १

घ) सदस्य श्री दोलखा / रामेछाप मध्येबाट १

ङ) सदस्य श्री गणेश के सी (ललितपुर )

निर्णय नं ५ प्रस्ताव नं ५ उपर छलफल गर्दा नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ (एघारौं संशोधन २०८१) दफा ३१ बमोजिम तपसिल अनुसारको ९ सदस्यीय सचिवालय गठन गर्ने । जसमा पदाधिकारी ८ जना र सदस्यहरु मध्येबाट श्री पुरुषोत्तम हुमागाईंलाई सचिवालय सदस्यको रुपमा मनोनयन गर्ने ।

| क्र.सं. | पद | नाम | जिल्ला |
|---|---|---|---|
| १ | अध्यक्ष | बरुण कुमार साह | मकवानपुर |
| २ | उपाध्यक्ष | प्रमिला रेग्मी | ललितपुर |
| ३ | उपाध्यक्ष | राजेन्द्र कुमाल | चितवन |
| ४ | माहासचिव | टेकनाथ काफ्ले | मकवानपुर |
| ५ | सचिव | दिपकराज तिमल्सिना | सिन्धुली |
| ६ | सचिव | प्रभुनाथ प्याकुरेल | सिन्धुली |
| ७ | सचिव | पवनकुमार ठाकुर | काठमाडौं |
| ८ | कोषाध्यक्ष | लोकराज न्यौपाने | मकवानपुर |
| ९ | सदस्य | पुरुषोत्तम हुमागाईं | मकवानपुर |

निर्णय नं ६ प्रस्ताव नं ६ उपरमा छलफल गर्दा नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ (एघारौं संशोधन २०८१) तथा विनियमावली, २०७९बमोजिम ९ वटा विभागहरु गठन गर्ने र विभागीय प्रमुखको जिम्मेवारी तपसिल बमोजिम तोक्ने। विभागहरुका सदस्यको जिम्मेवारी दोहोरो नहुने गरी बढीमा ३ जना सम्म थप गर्न (कार्यालय सचिव बाहेक) सम्बन्धित विभागका प्रमुखको समन्वयमा जिम्मेवारी तोक्ने र पहिलो सचिवालय बैठक सम्मभागलाई पूर्णता दिने।विभागीय प्रमुखहरुले वार्षिक कार्ययोजनामा उल्लिखित कार्यक्रमहरु कार्यसमितिको निर्णय अनुसार संचालन/कार्यान्वयन गर्ने ।केन्द्रीय कार्यसमितिले तयार गर्ने बार्षिक कार्ययोजना संग सामन्जस्य हुनेगरी प्रदेश कार्यसमितिको आगामी बैठकबाट बार्षिक कार्ययोजना पारित गराई कार्यान्वयनमा जाने ।

| सि.नं | विभाग | प्रमुख |
|---|---|---|
| १ | महिला विभाग | उपाध्यक्ष, श्री प्रमिला रेग्मी |

| | | |
|---|---|---|
| २ | सहकारी विभाग | उपाध्यक्ष, श्री राजेन्द्र कुमाल |
| ३ | प्रवक्ता, संगठन | महासचिव श्री टेकनाथ काफ्ले |
| ४ | प्रशिक्षण विभाग | सचिव, श्री प्रभुनाथ प्याकुरेल |
| ५ | स्थानीय तह समन्वय | सचिव श्री पवन कुमार ठाकुर |
| ६ | अतिरिक्त क्रियाकलाप विभाग | सचिव, श्री दिपक तिमल्सिना |
| ७ | विषयगत समन्वय विभाग | सदस्य श्री रमेश उपाध्याय |
| ८ | आर्थिक विभाग | कोषाध्यक्ष, श्री लोकराज न्यौपाने |
| ९ | कार्यालय सचिव प्रचारप्रसार तथा प्रकाशन विभाग | सचिवालय सदस्य, श्री पुरुषोत्तम हुमागाईं |

निर्णय नं ७ प्रस्ताव नं ७ उपरछलफल गर्दा बागमती प्रदेश कार्यसमितिलाई विभिन्न सल्लाह तथा निर्णय प्रक्रियामा आवश्यक सहयोग पुर्‍याउन नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ (एघारौं संशोधन२०८१)को दफा३३ (१) बमोजिम तपसिल बमोजिमको सल्लाहकार समिति गठन गर्ने ।

१. श्री फणिन्द्र प्रसाद खनाल — संयोजक (चितवन)

२. श्री मिन प्रसाद चौलागाई — सदस्य (मकवानपुर)

३. श्री युवराज थापा अटल — सदस्य (सिन्धुली)

४. श्री अशोक पोखरेल — सदस्य (काठमाडौ)

५. श्री

६. श्री

७. श्री

निर्णय नं ८ प्रस्ताव नं ८ उपर छलफल गर्दा देहाय बमोजिम निर्णय गरियो ।

१. बागमती प्रदेश भित्र नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा संचालित राष्ट्सेवक सहकारी संस्था लि.हरुको साधारण सभा सम्पन्न हुन नसकेको जिल्लाहरुमा २०८२ जेष्ठ मसान्त सम्म सम्पन्न गर्नेगरी संगठनको जिल्ला कार्यसमितिहरुलाई जिम्मेवारी तोक्ने ।

२. सहजिकरण गर्न साथै राष्टसेवक सहकारी संस्था लि.हरुको पाँचौ राष्ट्रिय भेलाबाट पारित कार्ययोजना अनुसार यस प्रदेश भित्रका सबै राष्ट्रसेवक सहकारी संस्थाहरुलाई ब्यवस्थित गर्न पहल गर्ने ।

३. रामेछाप जिल्लामा राष्ट्रसेवक सहकारी संस्था दर्ताको लागि संगठन जिल्ला कार्य समिति रामेछापलाई जिम्मेवारी तोक्ने ।

निर्णय नं ९ प्रस्ताव नं ८ उपर छलफल गर्दा देहाय बमोजिम निर्णय गरियो

क. बागमती प्रदेश कार्यसमितिको नियमित बैठक प्रत्येक ३-३ (तीन-तीन) महिनामा बस्ने । कार्यसमितिको बैठकबस्दा बैठकका प्रस्ताव, बैठक बस्ने स्थान र मिति अध्यक्ष र महासचिवले आवश्यक छलफल गरेर तोक्ने ।स्रोत ,साधन र समयको दृष्टले भौतिक रुपमा नियमित बैठक बस्दा खर्चिलो हुने हुँदा प्रत्येक २ महिनामा एकपटक भर्चुअल माध्यमबाट बैठक बस्ने र सम्भव भए सम्म प्रदेश कार्य समितिका बैठकहरु यस प्रदेश भित्रका सबै जिल्लाहरुमा चक्रिय रुपमा आयोजना गर्ने । सचिवालय बैठक/ कार्यसमितिको बैठक समेत भर्चुअल माध्यमबाट आवश्यकता अनुसार बस्ने छ।

ख. २०८२ सालको बढादशै , शुभदिपावली तथा छठ पर्बको उपलक्ष्यमा प्रदेश कार्यसमितिको स्मारिका तथा नेगो बागमती सन्देश नामक स्मारिका प्रकाशन गर्ने छ ।

ग. नयाँ वर्ष २०८३ को उपलक्ष्यमा प्रदेश कार्य समितिको भित्ते पात्रो प्रकाशन गरिने छ ।

घ. स्मारिका तथा भित्तेपात्रो प्रकाशनका लागि कार्यसमितिका माहासचिवको संयोजकत्वमा देहाय बमोजिमको एक समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

| | | | | |
|---|---|---|---|---|
| १ | महासचिव | टेकनाथ काफ्ले | मकवानपुर | संयोजक |
| २ | सचिव | दिपकराज तिमल्सिना | सिन्धुली | सदस्य |
| ३ | सचिव | प्रभुनाथ प्याकुरेल | सिन्धुली | सदस्य |
| ४ | सचिव | पवनकुमार ठाकुर | काठमाडौं | सदस्य |
| ५ | कोषाध्यक्ष | लोकराज न्यौपाने | मकवानपुर | सदस्य |
| ६ | सचिवालय सदस्य | पुरुषोत्तम हुमागाईं | मकवानपुर | सदस्य |
| ७ | सदस्य | रमेश उपाध्याय | मकवानपुर | सदस्य |
| ८ | सदस्य | घनश्याम शिलवाल | काठमाडौ | सदस्य |
| ९ | सदस्य | मिन बहादुर थापा | सिन्धुली | सदस्य |

निर्णय नं १० प्रस्ताव नं १० मा छलफल गर्दा नेपाल निजामती कर्मचारी संगठन बागमती प्रदेश कार्यसमितिको बैंक खाता संगठनका अध्यक्ष श्री बरुण कुमार साह वा महासचिव श्री टेकनाथ काफ्ले र कोषाध्यक्ष श्री लोकराज न्यौपानेको संयुक्त हस्ताक्षरबाट संचालन हुने गरी राष्ट्रसेवक सहकारी संस्था लि , हेटौडा मा रहेको खातामा दस्तखत परिबर्तन गर्ने।

निर्णय नं.११ प्रस्ताव नं ११ उपर छलफल गर्दा २०४५ सालमा निजामती सेवामा प्रवेश गरी २०८२ साल बैशाख ५ गते सम्म ३७ वर्ष सेवा गरी लेखा अधिकृतबाट सेवा निवृत हुनु भएका नेपाल निजामती कर्मचारी संगठनमा कृषि विभागीय कार्य समितिका सचिव ,चितवन जिल्लाको सचिव ,उपाध्यक्ष ,अध्यक्ष हुँदै केन्द्रीय सचिवालय सदस्य एवं चितवन जिल्ला इन्चार्ज सम्मको सांगठनिक जिम्मेवारीमा रही संगठन निर्माण र विस्तार प्रति पुर्‍याउनु भएको अमूल्य योगदान प्रति बागमती प्रदेश कार्य समिति उच्च सम्मान

प्रकट गर्दै यहाँको तत्काल निर्णय लिन सक्ने क्षमता ,निडर र निर्भिक प्रवृतिका नेता ,कार्यकर्ता सदस्यका वीचमा लोकप्रीय रही संगठनलाई थप उर्जा प्रदान गर्नु भएको योगदान प्रति गर्व गर्दै सेवा निवृत जीवनको सु-स्वास्थ्य ,दीर्घायु एवम सामाजिक र राजनीतिक जीवनको श्रीवृद्धिको कामना गर्दै नेपाल निजामती संगठन बागमती प्रदेश कार्य समिति उच्च सम्मान गर्दछ ।

निर्णय नं १२ प्रस्ताव नं १२ उपर छलफल गर्दा बागमती प्रदेश कार्यसमितिको पहिलो बैठक सम्पन्न गर्न प्रदेश कार्यसमितिको निमन्त्रणालाई स्विकार गरी उपस्थित हुनुहुने प्रमुख अतिथि ,बिशेष अतिथि,सहभागी र बैठक ब्यवस्थापनमा सहयोग पुर्‍याउने चितवन जिल्ला कार्यसमितिका संगठकहरु लगायत सम्पूर्णमा धन्यबाद दिने ।

निर्णय नं १३ प्रस्ताव नं १३ उपर छलफल गर्दा अर्को बैठक आवश्यकता अनुसार बस्नेगरी अध्यक्षको आदेश अनुसार यहि समापन गरियो ।

- ❖ २०८२ जेष्ठ २६ गते बागमती प्रदेश सरकारका मुख्यमन्त्री, अर्थ मन्त्री, प्रमुख सचिवलाई २०८२/०८३ को बजेटका लागि १५ बुँदे सुझाव पेश गरिएको ।जुन यस प्रकार रहेका छन् ।

तपसिल

- ❖ आन्तरिक पर्यटनलाई प्रवर्दन गर्नको लागि विगत वर्षमा दिइदै आएको आर्थिक सुविधा सहितको पारिवारिक पर्यटनकाजलाई निरन्तरता दिइयोस ।
- ❖ कार्यक्षेत्रमा आफ्नो र परिवारको नाममा घर नहुने कर्मचारीलाई कार्यालयले आवास सुविधा उपलब्ध गराउन नसक्ने भएमा सुरु तलब स्केलको काठमाडौं उपत्यका भित्र ९ प्रतिशत , उपत्यका बाहिरका माहानगरपालिका र उप महानगरपालिका भित्र कार्यक्षेत्र हुने कर्मचारीलाई ६.७५ प्रतिशत र अन्य क्षेत्रमा काम गर्ने कर्मचारीलाई ४.५ प्रतिशत रकम घरबहाल बापत उपलब्ध गराउने ब्यवस्था गर्नुपर्ने ।
- ❖ कर्मचारी र परिवारका सदस्यलाई साधारण उपचार गराउनु पर्दाको अवस्थामा प्रतिव्यक्ति वार्षिक रु २ लाख वा वास्तविक उपचार खर्च जुन घटी हुन्छ सोही बराबरको रकम र कडा रोगको उपचार गर्नु पर्दा ३० लाख वा वास्तविक उपचार खर्च मध्ये जुन घटी हुन्छ सोही वराबरको रकम सिधै अस्पताललाई भुक्तानी हुने गरि उपचार खर्च उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने ।
- ❖ प्रदेश तथा स्थानीय तहमा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई समेत वृद्धि भएको महँगी भत्त उपलब्ध गराउनु पर्ने ।
- ❖ उपचार खर्च सुविधा वापत मासिक रुपमा सम्बन्धित कर्मचारीहरुबाट रु ५०० र सोही बराबरको रकम प्रदेश सरकारबाट थप गरी रु.१००० कर्मचारी संचयकोषमा जम्मा गर्ने व्यवस्था मिलाउने ।
- ❖ राशन नपाउने कर्मचारीलाई हाजिर भएर काम गरेको दिनको दैनिक रु.१०० का दरले खाजा भत्ता उपलब्ध गराउने व्यवस्था गर्ने ।
- ❖ सवारी साधन सुविधा नपाउने तथा एकीकृत परिवहन सुविधा नलिने कर्मचारीलाई मासिक रु.२००० यातायात खर्च बापत उपलब्ध गराउने ब्यवस्था गर्ने ।
- ❖ प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नव नियुक्त कर्मचारीहरुको निवृत्ती भरणको लागि स्रोतको सुनिस्चित्ता को लागि निवृत्तीभरण कोषको प्रवन्ध गर्नु पर्ने ।
- ❖ प्रदेश लोकसेवा आयोगबाट सिफारिस भइ बागमती प्रदेशका स्थानीय तह तथा प्रदेशमा कार्यरत कर्मचारीहरुको सरल र सहजरुपमा औशधोपचार गर्ने अस्पतालको प्रवन्ध गर्नु पर्ने।
- ❖ बागमती प्रदेशमा समायोजन भइ पदोन्नत्ती हुनु भइ सेवा निवृत हुनु हुने निजामती कर्मचारीहरुको संघीय सरकार संग समन्वय गरी पदोन्नत्ती भएको तह अनुरुपको निवृत्ति भरण उपलब्ध गराउनु पर्ने ।
- ❖ मौजुदा जनशक्तिलाई नवीनतम प्रविधिको प्रयोगबाट अधिकतम उपयोग गरी प्रदेश सरकारलाई दिगोभार पर्ने गरी अनावश्यक दरबन्दी सृजना गर्नु नहुने ।
- ❖ बैदेशिक अध्ययन तथा क्षात्रवृत्ति र पर्यटन सम्पर्क अधिकृत तोक्दा स्थानीय तथा प्रदेशमा कार्यरत कर्मचारीहरुलाई समेत प्राथमिकताको लागि पहल गर्नु पर्ने देखिन्छ ।
- ❖ प्रदेश लोकसेवा आयोगबाट प्रदेश तथा स्थानीय तहमा सिफारिसभई नयाँ पदस्थापन हुनु हुने प्रशासन ,लेखा, तथा वडा सचिवहरुलाई सेवा सँग सम्बन्धित विषयमा कम्तीमा एक हप्ताको क्षमता अभिवृद्धिको लागि तालिम दिनु पर्ने ब्यवस्था गर्नु पर्ने ।
- ❖ जुन प्रेस विज्ञप्ती मार्फत सार्वजनिक गरिएको ।
- ❖ २०८२ श्रावण १४ गते शहीद मनोज, झपेन्द्र, सुरेन्द्र बिकको स्मृतिमा शहीद सप्ताह मनाउने क्रममा मकवानपुर जिल्ला कार्यसमिति र बागमती प्रदेश कार्यसमितिको संयुक्त आयोजनामा दिब्य सेवा निकेतनमा रहका जेष्ठ नागरिकहरुलाई दैनिक उपभोग्य खाध्य सामाग्री विवरण गरिएको ।
- ❖ शहीद मनोज, झपेन्द्र, सुरेन्द्र बिकको स्मृतिमा शहीद सप्ताह मनाउने क्रममा २०८२ श्रावण २६ गते वृद्ध

शान्ति बिहार मिनभवन, काठमाडौमा काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कार्य समितिको संयुक्त आयोजनामा नेकपा एमाले उपत्यका प्रदेश विशेष समितिका इन्चार्ज तथा पोलिट ब्युरो सदस्य क श्री सुजाता शाक्यको प्रमुख आतिथ्यतामा संघदान तथा प्रवचन (सामूहिक भोजन) कार्यक्रमको आयोजना गरिएको ।

❖ २०८२ श्रावण २९ गते बागमती प्रदेश सरकारका नव नियुक्त मुख्यमन्त्री तथा मन्त्रीहरुलाई स्वागत तथा बधाई ज्ञापन कार्यक्रम आयोजना गरी बागमती प्रदेशमा कार्यरत कर्मचारीहरुका मूलभूत सबालहरुलाई अवगत गरिएको ।

❖ बागमती प्रदेश स्मारिका प्रकाशन गर्ने अभिप्रायका साथ भर्चुअल बैठक तथा भौतिक उपस्थितिमा बसी छलफल गरे पनि बैक खाता तथा प्रदेश कमिटिको स्थाइ लेखा नम्बर लिन भएको प्राविधिक समस्याको कारण आर्थिक अभावका कारण प्रकाशन गर्न नसकिएको ।

❖ बागमती प्रदेशमा सरुवा भइ आउनु हुने प्रमुख सचिव श्री भुपाल बराल र बशन्त अधिकारीको स्वागत तथा शुभकामना आयोजना गरी बागमती प्रदेशमा कार्यरत कर्मचारीको हीत अनुकुल निजामती सेवा नियमावली बनाउन अवगत गरिएको ।

❖ मिति २०८२ पौष १३ गते शनिवार नेगो बागमती प्रदेश कार्य समितिको भर्चुअल माध्यमबाट बैठक बसी सहकारीको साधारण सभा, चिट्ठा बिक्रीको अवस्था लगायत समसामयिक विषयमा छलफल गरी सम्पन्न गरियो ।जसको विस्तृत विवरण एक्सल सिटमा रहेको ब्यहोरा अनुरोध छ ।

बागमती प्रदेश अन्तर्गतका रहेको चिट्ठा, सहकारी गतिबिधि एव सदस्यता नविकरणको अबस्था तपिसल अनुसार रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।
मिति २०८२।०९।१२ गते साझ ७ ३० मा भएको जुम मिटिङ्गो बिवरण

| | | चिट्ठा | | | सहकारी | | | सदस्यता नविकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क स | जिल्लाको नाम | आएको | बिक्री भएको | बिक्री नभएको | भेला भएको | भेला भएको मिति | नयाँ अध्यक्ष | | |
| १ | काठमाण्डौ | ४० | १७ | २३ | भेला भएको | २०८२.०५.२१ | | नभएको | सरुवाको समस्या |
| २ | ललितपुर | ३० | १५ | १५ | भेला हुने | २०८२.०९.१५ | | नभएको | ४ जना ले अन लाईन राजिनाम/ सरुवाको समस्या |
| ३ | भक्तपुर | ४० | ४० | ० | भेला भएको | २०८२.०८.२८ | बार्षिक साधारण सभा सोभा घिमिरे | नभएको | |
| ४ | धादिङ | १० | १० | ० | भेला हुने सम्भावना | २०८२.०९.३० | | नभएको | |
| ५ | काभ्रेपलाञ्चोक | २० | १५ | ५ | भेला हुने सम्भावना | २०८२.०९.३० | | ५२ जना भएको | ४ जना ले अन लाईन राजिनाम |
| ६ | सिन्धुपाल्चोक | २८ | २८ | ० | भेला हुने सम्भावना | २०८२.०९.३० | | १५ जना भएको | १ जना उपाध्यक्ष ले अन लाईन राजिनाम |
| ७ | सिन्धुली | २० | १५ | ५ | भेला भएको | २०८२.०९.०५ | तिलक बहादुर कार्कि | कार्य समितिको भएको | |
| ८ | चितवन | ३४ | ३० | ४ | भेला भएको | २०८२.०८.२० | | कार्य समितिको भएको | |
| ९ | मकवानपुर | ४० | २० | २० | भेला हुने सम्भावना | २०८२.९०.२६ | | | |
| १० | रसुवा | १० | ८ | २ | नभएको | | | नभएको | |
| ११ | नुवाकोट | १० | २ | ८ | नभएको | हुने सम्भावना कम | | | |
| १२ | रामेछाप | १२ | ९ | ३ | नहुने | | | नभएको | |
| १३ | दोलखा | | | | | | | | |

# गण्डकी प्रदेश कार्यसमितिका गतिविधि

## गण्डकी प्रदेश कार्य समिति

गण्डकी प्रदेश सरकारका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीज्यूको प्रमुख आतिथ्यतामा तेस्रो बैठक सम्पन्न भएको छ। उक्त बैठकमा बैठकबाट ७ सदस्यीय सल्लाहाकार समिति मनोनयन

- समसामयिक विषयहरुमा अन्तरक्रिया, भेला, गोष्ठीहरु सम्पन्न भएको ।
- समसामयिक विषयमा गण्डकी प्रदेश सरकारसँग मागपत्र, ध्यानार्कषण पत्र बुझाउने ज्ञापन पत्र दिने कार्य सम्पन्न ।
- पेसागत हक,वृत्ति विकासका सवालमा सरकारसँग सामूहिक सौदावाजी गर्ने गरेको ।
- कर्मचारीहरुको गुनासो ब्यवस्थापनमा महत्वपूर्ण भूमिका रहेको ।

मातहत जिल्लाहरुबाट प्रदेश प्रथम बैठकमा प्रस्तुत रिपोर्टिङको संक्षिप्त व्यहोरा

## कास्की

नियमित बैठक सम्पन्न, संगठन दर्ता दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न, वृहत्त वनभोज कार्यक्रम सम्पन्न, अन्तर मन्त्रालयगत हाजिरीजवाफ प्रतियोगिता सम्पन्न, राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लिको साधारण सभा सम्पन्न ।

## स्याङ्जा

नियमित बैठकहरु सम्पन्न भएको, अन्तर कार्यालय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको, संस्कृत आश्रममा सहयोग प्रदान गरेको।

## तनहुँ

नियमित बैठकहरु सम्पन्न भएको, गरिव जेहेन्दार विद्यथीहरुलाइ सहयोग गर्ने उदेश्यले विद्यालयमा अक्षयकोष स्थापना । कर्मचारीका पेसागत माग मुद्धाका विषयमा छलफल तथा भेला सम्पन्न, राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लिको साधारण सभा सम्पन्न ।

## पर्वत

नियमित बैठक लगायतको कार्यक्रमहरु सम्पन्न भएको,अनाथ वालवालिकाहरुलाइ अभिभावकत्व ग्रहण तथा आर्थिक सहयोग प्रदान, पालिका गठन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न, राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लिको साधारण सभा सम्पन्न ।

## बाग्लुङ

नियमित बैठक लगायतको कार्यक्रमहरु सम्पन्न भएको, अन्तरक्रिया कार्यक्रम सम्पन्न, राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लिको साधारण सभा सम्पन्न ।

## म्याग्दी

नियमित बैठक लगायतको कार्यक्रमहरु सम्पन्न भएको, अन्तरक्रिया कार्यक्रम सम्पन्न, राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लिको साधारण सभा सम्पन्न ।

## मुस्ताङ

नियमित बैठक लगायतको कार्यक्रमहरु सम्पन्न भएको,

## लमजुङ

नियमित बैठक, अन्तरक्रिया कार्यक्रम सम्पन्न,

## नवलपरासी

नियमित बैठक, अन्तरक्रिया कार्यक्रम सम्पन्न,

## गोरखा

नियमित बैठक, अन्तरक्रिया कार्यक्रम सम्पन्न, राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लिको साधारण सभा सम्पन्न ।

## नेपाल निजामती कर्मचारी संगठन लुम्विनी प्रदेश कार्य समितिका गतिविधिहरू

नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश कार्य समितिका अध्यक्ष, महासचिव लगायतका पदाधिकारीको सक्रियतामा लुम्बिनि प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी कर्मचारीहरुको अधिकतम हितलाई मध्यनजर गरेर सरुवा व्यवस्थापनमा सहयोग गरिएको थियो। त्यसैगरी लुम्बिनी प्रदेशमा लामो समयदेखि रोकिएको बढुवा सम्बन्धी प्रक्रिया अगाडी वढाउन पहलकदमी लिएको र सोही बमोजिम बढुवा सम्बन्धी निर्णयहरु हुँदै गएका छन्।

मिति २०८२।०५।२० गते निजामती सेवा दिवसको अवसरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजना गरेको संघियता कार्यान्वयनमा प्रदेश निजामती सेवाका अवसर र चुनौति विषयक अन्तरक्रिया कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश कार्य समितिका महसचिवले भाग लिई संगठनको धारणा सहितको कार्यपत्र पेश गर्नुभएको थियो । उक्त कार्यपत्रमा नेपाल निजामती कर्मचारी संगठनको परिचय,संगठनको भूमिका,आवश्यकता र औचित्य,महत्वपूर्ण चासो र प्रदेश सरकार प्रतिको अपेक्षा लगायतका विषय समेटेर कार्यपत्र प्रस्तुत गरिएको थियो। त्यसैगरी मिति २०८२।०५।२२ गते निजामती सेवा दिवसको अवसरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोजना गरेका विभिन्न कार्यक्रमहरुको मूल समारोहमा नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश कार्य समितिका अध्यक्ष श्री नेत्र प्रसाद आचार्यले संगठनको तर्फवाट आफ्नो मन्तव्य राख्दै कर्मचारी संगठनको चासो र सरोकारका विभिन्न विषयहरु प्रकाश पार्नु भएको थियो।




## बाँके

अनुभव आदानप्रदानः मिति २०८२ भाद्र ३ गतेः नेपाल निजामती कर्मचारी संगठन - जिल्ला कार्य समिति, कालिकोट र जुम्ला संग अन्तरजिल्ला भेटघाट, छलफल र अनुभव आदानप्रदान ।




मिति २०८२ भाद्र ६ गते नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति-बाँकेको बैठक सम्पन्न । निजामती सेवा दिवस भाद्र २२ गते विविध कार्यक्रमको आयोजना गरि मनाउने लगायतका निर्णय सहित सम्पन्न ।



निजामती सेवा दिवस — २०८२: मिति २०८२ भाद्र २२ गते "व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन" मूल नारा सहित २२ औं निजामती सेवा दिवस सम्पन्न, संगठनका धारणा र क्रियाकलापहरु सार्वजनिक ।









| सि.नं. | जिल्ला | कार्यक्रम सम्पन्न भएको मिति | सम्पन्न गरिएका कार्यक्रमहरुको बिस्तृत बिबरण | प्रमुख अतिथि वा मुख्य उपस्थिति | सहभागिहरुको संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १. | रुपन्देही | २०८२।०५।०२<br>२०८२।०५।११ | १.जिल्ला कार्य समितिको चौथो पुर्ण बैठक<br>२. नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति रुपन्देहीको नाममा स्थायी लेखा नम्बर PAN लिने कार्य भयो | अध्यक्षः कमल पराजुली<br>प्रमुख अतिथिः नारायण प्रसाद भण्डारी लुम्बिनी प्रदेश सह इन्चार्ज | ४५ जना | |
| २ | प्यूठान | २०८२/०५/१४ | नेपाल निजामती कर्मचारी संगठन, प्यूठान नगरपालिका स्तरीय कार्य समिति गठन | इन्द्रमणी पोखेल,<br>सचिव नेकपा एमाले,प्यूठान<br>दल बहादुर के.सी.,<br>अध्यक्ष पेशागत महासंघ,प्यूठान | २० जना | |
| ३ | नवलपरासी (ब.सु.प.) | २०८२/०५/६ | हरितालिका तीजको अवसरमा शुभकामना आदानप्रदान तथा तीज मिलन कार्यक्रम | नेपाल निजामती कर्चारी संगठन नवलपरासी जिल्ला कार्यसमिति अध्यक्ष एवम सम्पुर्ण पदाधिकारीहरु र संगठनमा आवद्ध साथीहरु | ३० जना | |
| ४ | पाल्पा | २०८२/०५/०४ | जिल्ला कार्य समितिको बैठक | प्रमुख अतिथिः प्रदेश सचिवालय सदस्य गौरव नेपाली, दिवाकर पन्थी | ११ जना | |
| | | २०८२/०५/२२ | निजामति सेवा दिवसको अवसरमा पाल्पा जिल्ला अस्पताललाई फ्रिज हस्तान्तरण कार्यक्रमत | प्रमुख अतिथिः प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य | ३० जना | |
| | | | अरु बाकि जिल्लाहरुमा कुनै गतिविधि नभएको /प्राप्त नभएको | | | |

नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी कार्य समितिका अध्यक्ष र महासचिवको नेतृत्वमा २०८२ पौष ४ गते लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्रीज्यू र प्रमुख सचिवज्यूसँग लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन र प्रदेश निजामती सेवा ऐनको समसामियक सुधार गर्नको लागि संशोधन गर्नु पर्ने विषयमा अन्तरक्रिया तथा छलफल गरी ऐन संशोधन गर्नु पर्ने विषय सरोकारवालासँग माग गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सूचना प्रकासन गर्ने सहमती गरियो र सोही अनुरुप सूचना प्रकासन भई सुझाव संकलन भइरहेको छ।

नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश कार्य समितिका पदाधिकारी तथा सदस्यहरुवाट लुम्बिनी प्रदेशका पूर्वी रुकुम र रोल्पा जिल्ला बाहेकका सवै जिल्लामा संचालित राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभा संचालन गर्न निर्देशन दिनुका साथै १० वटै जिल्लामा साधारण सभा भव्य रुपमा सफल पार्नको लागि अतित्थ्यता तथा सहजीकरण गरिएको छ।

निजामती कर्मचारी संगठन, लुम्बिनी प्रदेश अन्तरगतका १२ जिल्ला कार्यसमितिहरुले २०८२ साल पौष १ गतेदेखि पौष मसान्तसम्म गरेका विभिन्न कार्यक्रम/क्रियाकलापहरुको संक्षिप्त विवरण

| सि.नं. | जिल्ला | कार्यक्रम सम्पन्न भएको मिति | सम्पन्न गरिएका कार्यक्रमहरुको बिस्तृत बिबरण | प्रमुख अतिथि वा मुख्य उपस्थिति | सहभागिहरुको संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | ०८२।०९।२५ | सचिवालय बैठक | प्रेम खनाल, रुपन्देही इन्चार्ज | ६ | |
| २ | नवलपरासी | ०८२।०९।२९ | राष्ट्र सेवक वचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभा सम्पन्न भएको | नारायण प्रसाद भण्डारी सहइन्चार्ज, केन्द्रीय सदस्य रमेश पाण्डे लुम्बिनी प्रदेश अध्यक्ष नेत्र आचार्य | | |
| | | २०८२।०९।१६ | नियमित बैठक | - | १५ | |

| सि.नं. | जिल्ला | कार्यक्रम सम्पन्न भएको मिति | सम्पन्न गरिएका कार्यक्रमहरुको बिस्तृत बिबरण | प्रमुख अतिथि वा मुख्य उपस्थिति | सहभागिहरुको संख्या | कै. |
|---|---|---|---|---|---|---|
| ३ | कपिलवस्तु | २०८२।०९।२६ | राष्ट्र सेवक वचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभा सम्पन्न भएको | भक्तिराम घिमिरे प्रमुख प्रशासकीय अधिकृत | १०६ | |
| | | २०८२।०९।१२ | निजामति सेवा दिवसको अवसरमा पाल्पा जिल्ला अस्पताललाई फ्रिज हस्तान्तरण कार्यक्रमत | प्रमुख अतिथिः प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य | ३० जना | |
| | | २०८२।०९।१२ | सचिवालय वैठक संख्या २ | - | ५\४ | |
| ४ | पाल्पा | २०८२।०९।२२ | नियमित वैठक संख्या १ | युवराज ज्ञवाली केन्द्रीय सदस्य | १७ | |
| ५ | गुल्मी | २०८२।०९।२६ | राष्ट्र सेवक वचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभा सम्पन्न र नेपाल निजामती कर्मचारी संगठन मित्र मिलन तथा अन्तरक्रिया सम्पन्न भएको | प्रमुख अतिथि केन्द्रीय अध्यक्ष श्री भवानी न्यौपाने दाहाल, मुख्य उपस्थिति केन्द्रीय उपमहासचिव श्री बामदेव ओली,लुम्बिनी प्रदेश अध्यक्ष श्री नेत्र प्रसाद आचार्य,लुम्बिनी प्रदेश महासचिव श्री भिमलाल खनाल | २०७ | |
| | | २०८२।०९।१५ | नियमित वैठक संख्या १ | भिमलाल खनाल लुम्विनी प्रदेश महासचिव | १७ | |
| ६ | अर्घाखाँची | २०८२।०९।१९ | राष्ट्र सेवक वचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभा सम्पन्न | केन्द्रीय सदस्य गणेश भण्डारी | ७० | |
| | | २०८२।०९।१६ | नियमित बैठक संख्या २ | केन्द्रीय सदस्य गणेश भण्डारी | १२\१२ | |
| ७ | दाङ | २०८२।०९।०५ | राष्ट्र सेवक वचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभा सम्पन्न | प्रमुख अतिथि लुम्बिनी प्रदेश इन्चार्ज कविसिंह कठायत ,बिशेष अतिथि नेत्र आचार्य | ४५१ | |
| | | २०८२।०९।१५ | नियमित बैठक संख्या १ | लुम्बिनी प्रदेश सचिव, मोहनसिंह सुनार | १९ | |
| ८ | प्युठान | २०८२।०९।२६ | राष्ट्र सेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभा सम्पन्न | हरि पौडेल केन्द्रीय सदस्य, टुक वहादुर रोका लुम्बिनी प्रदेश उपाध्यक्ष | १९९ | |
| ९ | रुकम पूर्व | २०८२।०९।२० | नियमित बैठक | हर्क वहादुर शाही, केन्द्रीय सदस्य | १५ | |
| १० | रोल्पा | २०८२।०९।१२ | नियमित बैठक | झक वहादुर फेवाडी लुम्बिनी प्रदेश सदस्य | ८ | |
| ११ | बाँके | २०८२।०९।११ | सचिवालय बैठक | - | ७ | |
| १२ | बर्दिया | २०८२।०९।१२ | राष्ट्र सेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभा सम्पन्न | पदम वहादुर शाही केन्द्रीय कार्यालय सचिव, वर्दिया इन्चार्ज जय वहादुर वि सि, नन्दा नेपाली, लुम्बिनी प्रदेश कार्य समिति उपाध्यक्ष | ७२ | |

# कर्णाली प्रदेश कार्यसमितिका गतिविधि

## कर्णाली प्रदेश कार्य समितिका गतिविधिहरुः

नेपाल निजामती कर्मचारी संगठन, कर्णाली प्रदेश कार्यसमितिले २०८२ भाद्र २ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको प्रदेशको सरुवाको सम्बन्धी समस्याहरु समाधानका लागि सचिवसँग भेटघाट गरिएको थियो। त्यसै गरी भाद्र ४ गते कर्णाली प्रदेश स्थापना दिवसको अवसरमा आयोजित र्‍याली तथा समारोहमा सहभागीता जनाएको थियो।



२०८२ भाद्र १० गते कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव यज्ञ पुरीलाई बधाई ज्ञापन गर्दै स्वागत कार्यक्रम सम्पन्न भयो। यसैगरी भाद्र १२ गते कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू समक्ष भेटघाट र भाद्र १३ गते कर्णाली प्रदेश सरकारका माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यू समक्ष भेटघाट कार्यक्रम सम्पन्न भयो।

भाद्र २० गते निजामती सेवा दिवस, २०८२ को अवसरमा रक्तदान, तथा प्रशान्ति वृद्धाश्रम र मानवसेवा आश्रममा खाद्यान्न वितरण तथा स-प्रेम भोजन अर्पण कार्यक्रममा सहभागी साथै राष्ट्रसेवक सहकारी, सुर्खेतको वार्षिक समिक्षा कार्यक्रममा सहभागीता जनाइएको थियो। भाद्र २९ गते पछिल्लो विकसित घटनाक्रमका विषयमा कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू सँग नेपाल निजामती कर्मचारी संगठनको तर्फबाट भेटघाट तथा छलफल गरिएको थियो।




१. २०८२ असोज ३ गते संविधान दिवसको प्रभातफेरी तथा मूल समारोहको कार्यक्रममा सहभागी।




२. असोज १९ गते कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू सँग संयुक्त रुपमा पेशागत संगठनहरु छलफल कार्यक्रममा सहभागी।

३. असोज २४ असोज २०८२ असोज २४ गते हुम्ला जिल्लाको चंखेली गाउँपालिकाको देशि खोलामा भएको जीप दुर्घटनामा परी सिमिकोट गाउँपालिका वडा नं-०८ का वडा सचिव एवं नेपाल निजामती कर्मचारी संगठन, हुम्लाका अध्यक्ष महेन्द्र रोकायकी श्रीमती स्याँडा स्वास्थ्य चौकीमा अनमी बसन्ती बुढा र कान्छी छोरी जागृती रोकायको दुखद् निधन भएको र दुर्घटनामा परी घाईते हुनु भएका अध्यक्ष रोकायलाई हेलिकप्टरबाट उद्धार गरी प्रदेश अस्पताल, सुर्खेतमा उपचाररत हुनुहुन्छ। यस अत्यन्त दुखद् घडिमा नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको आदरणीय अध्यक्ष भवानी न्यौपाने दाहाल स्वयं उपस्थित भई अध्यक्ष रोकायलाई शीघ्र स्वास्थ्य लाभको कामना गर्दै संगठन जुनसुकै क्षणमा पनि साथमा रहेकोले उच्च मनोबल बनाउन हौसला प्रदान गर्नु भयो। साथै संगठनको सदस्यता नविकरण गर्दा कट्टी हुने कल्याण कोष बापतको रकम रु. १००।- को स्वरुप मृतक बसन्ती बुढाले पाउने रु. १,५०,०००।०० र घाईते महेन्द्र रोकायले पाउने रु. २५,०००।०० गरी जम्मा रकम रु. १,७५,०००।०० को चेक हस्तान्तरण गर्नु भएको छ।



४. संगठनका केन्द्रीय अध्यक्षलाई स्वागत गर्दै संगठन कार्यालय कर्णाली प्रदेशमा वर्तमान विषम परिस्थितिमा संगठनको भूमिका र आगामी कार्यभारका सम्बन्धमा व्यापक रुपमा छलफल तथा अन्तक्रिया समेत गरियो।



५. असोज २५ गते राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्थाको वार्षिक साधारण सभामा सहभागी।



६. २०८२ आश्विन २९ गते कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू सँग संयुक्त रुपमा पेशागत संगठनहरु छलफल कार्यक्रममा सहभागी।

---

१. २०८२ कार्तिक २ गते शुभ दिपावली तथा छठ पर्व र नेपाल संवत ११४६ को अवसरमा चियापान तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरियो।



२. कार्तिक ८ गते निजामती कर्मचारीहरूका अग्रज ट्रेड युनियनकर्मी शुसिल कुमार केसीको ममतामयी माता भगवती केसीको निधनप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदना प्रकट गरियो ।

३. कार्तिक १४ गते नेपाल निजामती कर्मचारी संगठन, दैलेखका अध्यक्ष महेन्द्र न्यौपानेका पूजनीय पिता नयाँराम न्यौपानेको निधनप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदना प्रकट गरियो ।



४. कार्तिक १५ गते नेकपा (एमाले) कर्णाली प्रदेश कमिटिका अध्यक्ष गुलावजंग शाहका पूजनीय पिता रोमहर्ष बहादुर शाहको निधनप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदना प्रकट गरियो ।



५. कार्तिक २६ गते राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था, जाजरकोटका अध्यक्ष महेन्द्र कुमार भडेल सरलाई ब्रेन हयामरेज भई विगत ४ महिनादेखि अन्नपूर्णथेरापी, काठमाडौंमा उपचाररत हुनु भएकोले उहाँको दुःखमा साथ दिई मनोबल उच्च बनाउनका लागि नेपाल निजामती कर्मचारी संगठनको तर्फबाट संकलित रकम रु ४४२५०।०० अस्पतालमै पुगी संगठनका कर्णाली प्रदेश ईन्चार्ज तुलाराम गिरी मार्फत प्रदान गरियो।




१. मिति २०८२ पौष ६ गते नेपाल निजामती कर्मचारी संगठन,कर्णाली प्रदेश कार्य समितिको तर्फबाट कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री यामलाल कडेल नेकपा (एमाले) को एघारौं महाधिवेशनबाट सचिवमा निर्वाचित हुनुभएको ऐतिहासिक अवसरमा नेपाल निजामती कर्मचारी संगठनको तर्फबाट प्रत्यक्ष भेटेर बधाई तथा शुभकामना व्यक्त गरियो।



२. मिति २०८२ पौष १६ गते नेपाल निजामती कर्मचारी संगठन, कर्णाली प्रदेश कार्य समितिको तर्फबाट कर्णाली प्रदेश र प्रदेशका स्थानीय तहहरूमा कार्यरत कर्मचारीहरूका विभिन्न समस्याहरू समाधानका लागि कर्णाली प्रदेश सरकारका श्रीमान् प्रमुख सचिवज्यूलाई ध्यानाकर्षण पत्र पेश गरिएको छ।





श्रम तथा रो.प्र.वि.दर्ता नं.२१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

नेपाल निजामती कर्मचारी संगठन
(Nepal Government Employees' Organization)
प्रदेश कार्य समिति, कर्णाली प्रदेश
(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको पहिलो ट्रेड युनियन)

विषयः ध्यानाकर्षण सम्बन्धमा।

श्री प्रमुख सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।

नेपाल निजामती कर्मचारी संगठन निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, जनमुखी र प्रभावकारी बनाउने उद्देश्यका साथ वि.सं २०४७ सालमा स्थापना भएको निजामती क्षेत्रको पहिलो र ठूलो राष्ट्रियस्तरको ट्रेड युनियन हो। संगठन कर्मचारीहरुका हक अधिकारहरु स्थापित गराउन, सेवाको सुरक्षाको प्रत्याभुत गर्न क्रियाशील रहँदै आएको छ। संगठनले सेवा प्रवाहमा सुधारको माध्यमबाट सार्वजनिक प्रशासनलाई गरिमामय बनाउन निरन्तर लागिरहेको विषय सर्वविदितै छ।

देशमा करिब २० वर्ष स्थानीय तहहरुमा जनप्रतिनिधि नहुँदा समेत अक्षुण्ण रुपमा प्रशासनिक र राजनैतिक भूमिका निर्वाह गरी जनसेवामा तल्लीन राष्ट्रसेवक कर्मचारीहरु मुलुकको राजनैतिक अस्थिरता र संघीय निजामती सेवा ऐन बेगरको प्रशासनिक संघीयताको कमजोर धरातल तथा मुलुकको वर्तमान विषम परिस्थितिका कारण अन्यौलता र निराशा छाएको छ। वर्तमान समयमा उत्कट जनचाहना र परिवर्तनलाई संस्थागत गरी नागरिकको प्रत्यक्ष सेवा प्रवाहमा संलग्न संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण सिर्जनाका लागि तपसिलका विषयहरु यथाशीघ्र सम्वोधनका लागि अनुरोध गर्दछौं।

तपसिलः

१. प्रदेश निजामती सेवा ऐन, २०८० स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को संशोधन भएको लामो समय भईसक्दा समेत सो सँग सम्बन्धित नियमावली संशोधन नहुँदा सम्बन्धित ऐन तथा नियमावली नै बाझिने अवस्था सिर्जना भएकोले तत्काल नियमावली संशोधनका लागि पहल गरियोस्।
२. राष्ट्रिय किताबखाना (निजामती) ले प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख व्यवस्थापनका लागि कर्णाली प्रदेश सरकारलाई PIS पोर्टल हस्तान्तरण गरेको लामो समय हुँदा समेत कर्मचारीको विवरण अद्यावधिक नभएकोले यथासक्य सम्पूर्ण कर्मचारीहरुको विवरण अद्यावधिक गरी कर्णाली प्रदेश र स्थानीय तहका कर्मचारीहरुको सरुवालाई सफ्टवेयरमा आधारित पूर्वानुमानयोग्य र चक्रिय बनाइयोस्।
३. कर्णाली प्रदेशमा कार्यरत कर्मचारीको वृत्ति विकास र देशको सेवा गर्छु भनि नियमित लोक सेवा तयार गरी बसेका युवाहरुलाई सरकारी सेवामा ल्याई संगठनमा नयाँ रक्तसञ्चार गर्न संघ, प्रदेश र स्थानीय तहमा रिक्त रहेका पदहरुमा लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको बार्षिक कार्यतालिका र प्रचलित कानून बमोजिम अनिवार्य पदपूर्ति गरियोस्।
४. कर्णाली प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) को कार्यलाई सेवा प्रवाह, कर्मचारीको वृत्ति विकास र अन्य प्रदेशका संरचनासँगको तादम्यता कायम हुने गरी तत्काल सम्पन्न गरियोस्।
५. दुर्गम जिल्लामा रहेका कार्यालयहरुमा दरवन्दी अनुसार कर्मचारी नहुने तर सुगम जिल्लाका कार्यालयहरुमा दरवन्दी भन्दा बढी कर्मचारी भई फाजिलमा कर्मचारी रहने परिपाटीको अन्त्य गरी दुर्गम जिल्लाका कार्यालयहरुमा दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्न जोडदार माग गर्दछौं।
६. कर्णाली प्रदेश तथा प्रदेशका स्थानीय तहहरुमा कार्यरत कर्मचारीहरुको अध्ययन विदा स्वीकृत गर्ने कार्यलाई सरल, सहज र न्यायोचित बनाउन तत्काल MOU लगायतका कार्य सम्पादन गर्ने व्यवस्था मिलाइयोस्।
७. कर्णाली प्रदेश सरकार स्थापना भएको करिब ७ वर्ष हुँदा तथा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४४ को उपदफा ३ मा प्रदेश कर्मचारी अभिलेखालय र प्रदेश लेखा इकाईलाई स्पष्ट जिम्मेवारी तोकेको व्यवस्था हुँदा हुँदै कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नहुँदा विभिन्न समस्याहरु सिर्जना भएकोले यसै आर्थिक वर्षमा तलबी प्रतिवेदन पारित गर्न अविलम्ब प्रक्रिया अगाडि बढाईयोस्।
८. सम्वन्धित स्थानीय तहबाट तलब भत्ता पाउने गरी दोहोरो सहमति अनुसार कामकाजमा खटिएका कर्मचारीहरुलाई एक पटकका लागि सोही स्थानमा पदस्थापन गरी स्थानीय तहका कर्मचारी सरुवा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को व्यवस्था बमोजिम दोहोरो सहमति बेगर पूर्वानुमानयोग्य र चक्रिय रुपमा गरियोस्।
९. सम्माननित सर्वोच्च अदालतबाट मिति २०८२ भाद्र २ गते स्वीकृत दरवन्दी करारमा कार्यरत कर्मचारीहरुलाई तोकिए बमोजिम महंगी भत्ता उपलब्ध गराउन उत्प्रेषण परमादेश जारी भएकोले सोको एकरुपतापूर्ण कार्यान्वयनका लागि यथाशीघ्र परिपत्र गरियोस् ।
१०. अधिक कार्यचाप भएका यातायात व्यवस्था कार्यालय र प्रदेश अस्पताल जस्ता प्रदेशका संरचनाहरुमा वर्तमान सेवाको अवस्था र कार्यचापलाई सम्बोधन हुने गरी दरवन्दी संरचना पूनरावलोकन गरी सेवा प्रवाहलाई थप सहज, सरल र गुणस्तरीय बनाउन यथाशीघ्र पहल कदमीका लागि जोडदार माग गर्दछौं।
११. विभिन्न निकायमा कार्यरत कर्मचारीहरुले अस्पतालमा स्वास्थ्य सेवा लिन जाँदा सम्वन्धित कार्यालयको सेवा प्रवाह प्रभावित हुने लगायतका समस्यालाई सम्बोधन गर्न कार्यालय समय भन्दा कम्तिमा १/२ घण्टा अघि वा पछि कर्मचारीहरुका लागि अस्पतालको OPD सेवा सञ्चालन गरी सेवा प्रवाह हुने व्यवस्था मिलाउन पहल गरियोस्।

(प्रकाश शर्मा)
महासचिव

मितिः२०८२ पौष १६ गते बुधवार।
नेपाल संवतः ११४६ पोहेलाथ्व द्वादशी
वीरेन्द्रनगर, सुर्खेत।

(राजेश आचार्य)
अध्यक्ष

३. २०८२ पौष १९ र २० मा सम्पन्न केन्द्रीय कार्य समितिको तेस्रो बैठकमा सहभागी



४. मिति २०८२ पौष २९ आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश,सुर्खेतको सचिवको जिम्मेवारीमा पदस्थापन हुनु भएका आदरणीय लिला प्रसाद शर्मा नेपाल निजामती कर्मचारी संगठनको तर्फबाट परिचयका साथ समसामयिक विषयमा छलफल सहित हार्दिक बधाई सहित स्वागत गरियो ।



## जिल्ला कार्य समिति सुर्खेतः

१. २०८२ कार्तिक १४ गते नेपाल निजामती कर्मचारी संगठन, दैलेखका अध्यक्ष महेन्द्र न्यौपानेका पूजनीय पिता नयाँराम न्यौपानेको निधनप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदना प्रकट गरियो ।



२. २०८२ पौष ४ गते जिल्ला कार्य समितिको बैठक सम्पन्न।
३. २०८२ पुस १६ गते नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति सुर्खेतबाट मिति २०८२ असोज १४ गते गाडी दुर्घटनामा परी घाईते भएका नेपाल निजामती कर्मचारी संगठन, हुम्ला जिल्ला अध्यक्ष महेन्द्र रोकायको उपचारार्थ सहयोगका लागि संकलित रकम रु ५१,६०९।०० लाई रुपैंया सहयोग हस्तान्तरण गरियो।



## जिल्ला कार्य समिति दैलेखः

१. २०८२ पुस २७ गते नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति दैलेखको वृहत बनभोज कार्यक्रम तथा जिल्ला कार्य समितिको बैठक सम्पन्न।



## सुदूरपश्चिम प्रदेश कार्यसमितिका गतिविधि

### २०८२ भाद्र देखि २०८२ पुष १८ गते सम्मको गतिविधि

१. न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा कोमा आवश्यक अनिवार्ग गर्नका लागि नेकपा एमालेका महासचिव श्री शंकर पोखरेल ज्युलाई संजठन प्रदेश कार्यसमिति र केचनपुर जिल्ला कार्यसमितिको तर्फबाट ज्ञापन पत्र बुझाएको ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय धनगडी कैलालीको च.न. २८३ मिति २०८२ भाद्र ०९ को पत्रवाव्त सुदुरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८२ को कार्यान्वयनको लागि नियमावलीमा सुझाव मागका लागि प्राप्त पत्र बमोजिम प्रदेश कार्यसमितिको मिति २०८२ भाद्र २ गते बेलुका ६:३० बजे गते zoom मिटीङ सम्पन्न ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगडी कैलालीमा मिति २०८२ भाद्र ३ गते सुझाव पेश गर्ने संगठन प्रदेश अध्यक्ष महोदय जोशि र कैलाली जिल्ला अध्यक्ष खकेन्द्र रावललाई zoom मिटिंग वाट पठाउने निर्णय मण्मन्त्रालयको बैठकमा संगठनको आभिकारिक धारण प्रस्तुत गरिएको।

४. २०२१ भाद्र १३ गते बेलुका ६:३० बजे गते zoom मिटिङ्ग सम्पन्न, प्रदेश निजामति सेवा ऐन बमोजिम हुने सरुवा सहजीकरणका लागि प्रदेश महासचिव धर्मराज चौंधुरी लाई जिम्मेवारी प्रदान गरिएको। साथै सहजीकरणका लागि प्रदेश सह इन्चार्ज पद्म राज जोशी लाई जानकारी गराइएको। प्रदेश अन्तर्गतका सरुवामा सदस्यहरूको गुनासो सम्बोधन भएको ।

५. २०२१ भाद्र २५ गते बेलुका प्रदेश र जिल्लाका अध्यक्ष लगायत पदाधिकारी संग zoom मिटिङ्ग सम्पन्न गरेको, सम्पूर्णालाई विषम परिस्थितिमा संयम भई सुरक्षित बस्न अनुरुप गरियो साथै संवैधानिक सन्जालमा तत्काल कुनै पोष्ट नभई निर्णय गरियो । र उपहार चिट्को कार्यक्रम प्रभावित हुने र जेडी को आन्दोलन को कारण उक्र कार्यक्रम गर्न नसकिने कुराको जानकारी संगठन केन्द्रीय कार्यालयमा जानकारी गराउने निर्णय गरियो ।

६. २०२१ असोज ५ गते zoom मिटिङ्ग मार्फत दर्जको शुभकामांना आदान प्रदान गरियो ।

७. जेडी आन्दोलन वाट जरर नस्ट भएको कन्चपुर को मदत आश्रित स्थिर्त भबको पुन निर्माणका लागि कन्चपुर इन्चार्ज श्री प्रताप चन्द ज्यु को अणुवाईमा रु ५० हजार सहयोग गरेको ।

८. २०२८ कार्तिक १९ गते शनिवारीका दिन धनगडीको सोराई पार्टी प्यालेसमार्ग स्थानीए सेवा नियमवालीको सम्वन्धमा प्रदेश कार्यसमितिको बैठक बसको बास्ना सारणै सार्वजनिक गरियो ।

९. २०२८ कार्तिक १५ गते प्रदेश कार्यसमितिको आकस्मिक zoom मिटिङ्ग सम्पन्न ।

१०. २०२८ कार्तिक १७ गते शिनवारका दिन धनगडीको सोराई पार्टी प्यालेसमार्ग नियमावलीको सम्बन्धमा प्रदेश कार्यसमितिको बैठक बसी धारणा सार्वजमिक गरियो ।

१०. २०२८ कार्तिक १७ गते संविधनविवाद कासिराज

दाहाल, नेपाल नगरपालिका प्रमुख सन्सुदुरपश्चिम प्रदेश संयाजक विरेन्द्र प्रसाद भष्ट, गाउपालिका राष्ट्रिय महसव सुदूरपछिमका अडाक लोकन्द्र शाही लगायत बिमदत् नगरपालिका नगर प्रमुख पदम बहादुर बोगटी, शुकलाफाटा नगरपालिका नगर प्रमुख रण बहादुर महरा, बुडीगन्दा नगरपालिका नगर प्रमुख जमक कुमार वोहरा, बुढीगंगा नगरपालिका नगर प्रमुख राम बहादुर बानिया, वडिमपालिका नगरपालिका नगर प्रमुख अमर बहादुर खड्का लगायत २० जना जननिधिहरु प्रतिनिनिधहरु संग ऐन संशोधन को बिषयमा छलफल ।

११. २०२८ कार्तिक १६ गते स्थानीय सेवा नियमावलीको राय सुझावका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा संगठन प्रदेश कमिटि अध्यक्ष महादेव जोशी, महाशिव धर्मराज चौंधुरी, सचिब झनक दौल्याल, कन्चनपुर जिल्ला अध्यक्ष मान बहादुर चन्द, कैलाली जिल्ला अध्यक्ष खकेन्द्र रावल को सहभागिता रहेको, उक्त कार्यक्रममा संविधानविवाद कासिराज दाहाल, प्रदेश सचिब लगयात मन्त्रालयका सचिब ज्युहरुको सहभागि

१२. प्राणघातक रोग क्यान्सरवाट प्रतिन पत्रकार महासंघ कन्चपुरका अध्यक्ष श्री मान बहादुर चन्द ज्युको स्वास्थ्य लाभको कामना सहित कन्चपुर जिल्ला कमिटिको अध्यक्ष श्री मान बहादुर चन्द ज्युको पहल्मा कार्यक्रमितको तर्फबाट रु २१ हजार नगद हस्तान्तरण गरियो ।

१३. जेन्नी आन्दोलन वाट आगामी भाइका सरकारी कार्यालयहरुमा क्षतीको विवरण तयार गर्न संगठन कैलाली को अगुवाईमा ईन्जिनियरहरु सहित को टोली परिक्षण ।

१४. २०२८ कार्तिक १९ गते कन्चनपुर जिल्लाको बनभोज कार्यक्रम वेदकोट नगरपालिकाको रटटीलामा सम्पन ।

१५. २०२८ मङसिर १५ गते राष्ट्रीय स्तरको ट्रेड युनियनहरु संग सम्वन्ध गाई नियमावली जारि गर्न मुख्यमन्त्री ज्युलाई आपन पत्र बुझायो ।

१६. २०२८ मङसिर २१ गते प्रदेश कार्यसमितिको आकस्मिक बैठकले संगठन कैलालीको प्रस्तावमा प्रदेश महासचिव धर्म राज चौंधुरी लाई राष्ट्रसेवक वहन तथा ऋण सहकारी संस्था लिमिटेड को १८ औं बार्षिक साधारण सभामा अध्यक्ष पदको उम्मेदवार मा सर्वसम्ममत चयन गरिएको ।

१७. २०८२ मङ्सिर ११ गते प्रदेश कार्यसमितिनद्वारा मुख्यमन्त्री माननीय कमल बहादुर शाह ज्युलाई अन्तिम पल्ट अल्टिमेटम सहित स्थानीय सेवा नियमावली जारि गर्न ज्ञापन पत्र बुझाईएको ।

१८. २०८२ पौष १० गते प्रदेश कार्यसमितिको बैठक बसी स्थानीय सेवा ऐन संशोधन गर्न पहिले नै नियमावली जारु हुनुपर्ने भन्ने निर्णय गरिएको ।

१९. २०८२ पौष ११ गते राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १८ औं बार्षिक साधारण सभामा सहभागिता जनाइएको नेतृत्व चयनका लागि मिति २०८२ पुष १९ गते साधारण सभा पुनः बस्ने गरि स्थगित गरिएको ।

२०. २०८२ पौष १५ गते प्रदेशस्थित राष्ट्रिय स्तरका ट्रेड युनियनहरु संग प्रस्तावित ऐन संशोधन को मस्यौदामा आपत्ति जनाई मुख्यमन्त्री माननीय कमल बहादुर शाह ज्युलाई ज्ञापन पत्र बुझाईएको ।

२१. २०८२ पौष १७ गते प्रदेश सरकारले प्रदेश सभामा दर्ता गरेको स्थानीय सेवा ऐन २०८१ को पहिले संशोधन प्रस्ताव मा नेपाल निजामति कर्मचारी संगठन सुदूरपश्चिम प्रदेश कार्यसमितिको तर्फबाट आधिकारिक धारणा प्रेश विज्ञप्ति मार्फत सार्वजनिक गरिएको, माग सम्बोधन नभए चरणवद्ध आन्दोलनको समेत जानकारी गराइएको ।


## भौतिक पुर्बाधिर तथा यातायात मन्त्रालय बिभागिय कमिटी

मिति २१ ८-२०८२ गते सङठन को को बैठक

२४-८- २०८२ गते नब नियुक्त हाइबे उप समूह नब प्रबेशी सब ईन्जिनियर साथी हरुलाई यश बिभागिय कमिटी बाट अन्तर्कृया एवम स्वागत कार्यक्रम सम्पन्न

## मलेनिकाः

नेपाल निजामती कर्मचारी संगठनले लेखा समूहका कर्मचारीहरूको दरबन्दी कटौतीका विषयमा गम्भीर ध्यानाकर्षण गराएको छ ।


"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं ।"

नेपाल निजामती कर्मचारी संगठन

(Nepal Government Employee's Organization)

महालेखा नियन्त्रक कार्यालय विभागीय कार्यसमिति, अनामनगर काठमाडौं

(पेशागत महासंघ नेपालसँग आबद्ध निजामती कर्मचारीहरूको राष्ट्रियस्तरको पहिलो ट्रेड युनियन)

च.नं.:-

प.सं.:-

विषय : ध्यानाकर्षण सम्बन्धमा।

देशमा दिनानुदिन शिक्षित बेरोजगार युवाहरूको संख्या बढ्दो छ, अर्को तिर विभिन्न कार्यालयहरु खारेज भई देशैभरी सयौ संख्यामा लेखा समुहका कर्मचारीहरु फाजिल भैरहेको छन् यति संवेदनशील अवस्थामा समेत अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले लेखा समुहका दरबन्दीहरू घटाउने (उपसचिव ४ जना, लेखा अधिकृत ३८ जना, लेखापाल १०० जना, आलेप सहायक ५७ जना, सहलेखापाल १०१ जना गरी ३०० दरबन्दी काट्ने) प्रस्ताव तयार गरेको कुरा जानकारीमा आएको छ । उक्त खबरले लेखा समुहमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई निराश र स्तब्ध बनाएको छ।

लेखा समूहका कर्मचारीहरूले सार्वजनिक वित्त व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्छन् जसमा आर्थिक नियन्त्रण, बजेट कार्यान्वयन, राजस्व सङ्कलन, जिन्सी व्यवस्थापन, लेखा व्यवस्थापन र लेखापरीक्षण आदि कार्यक्षेत्र रहेको तथ्य विदितै छ तसर्थ लेखा समुह राज्यको आर्थिक मेरुदण्ड समेत हो र यही समुहले वित्तीय अनुशासन मार्फत सुशासनको जग मजबुत बनाउँदै आएको छ।

दरबन्दी कटौती गर्ने कदमले लेखा समुहको संगठन संरचना, पेशागत मनोबल, सेवाको सुरक्षा, तत्कालिन र दीर्घकालीन वृत्ति विकासमा नकारात्मक असर पार्ने स्पष्ट देखिन्छ। यो केवल संख्या/दरबन्दी कटौती मात्रै होइन, लेखा समुहको सिंगो भविष्य, हजारौं कर्मचारी र लोकसेवा आयोग तयारी गरिरहेका हजारौं युवा विद्यार्थीहरुको राष्ट्र सेवा गर्ने सपना माथिको निर्मम प्रहार हो । हामी यो अन्यायपूर्ण प्रस्तावको दृढ विरोध गर्छौं र सरोकारवालाहरु संग यस्तो निर्णय तुरुन्त फिर्ता लिन हार्दिक अनुरोध गर्दछौं।

सङ्गठनात्मक पुनर्संरचना, दरबन्दी, थप/घट एंवम दरबन्दी मिलान गर्ने विषयहरु संघीय निजामती सेवा ऐन जारी भए पश्चात स्वत गर्नुपर्ने हुदा तत्काल यस्तो कार्य रोक्न जोडदार माग गर्दै सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गर्न चाहान्छौं ।

☛ हाम्रो माग स्पष्ट छ

- संघीय निजामती सेवा ऐन जारी गर ।
- दरबन्दी कटौती फिर्ता गर ।
- लेखा समुहको सशक्तिकरण गर ।
- लेखा समुहको मर्यादा र भविष्य सुरक्षित गर ।

अध्यक्ष

सुनिल न्यौपाने

दरबन्दी कटौती केवल संख्यात्मक विषय होइन, यसले हजारौं कर्मचारीको रोजगारीमा असर पुर्‍याउनेछ र राष्ट्र सेवामा अवरोध ल्याउनेछ । लेखा समूहको संरचना सुदृढ बनाउनका लागि सरकारलाई तत्काल कदम चाल्न भन्दै प्रेस विज्ञप्ति मार्फत ध्यार्नाकषण गराइएको थियो ।

## सर्वोच्च अदालत

विशेष अदालतमा कार्यरत यस विभागीय कार्यसमितिका निवर्तमान सदस्य आदित्यराज गौतमको असमायिक निधन भएकोले सो सन्दर्भमा समवेदना-पत्र र रु.२,१८,०००।—(अक्षरुपी दुई लाख अठार हजार रुपैयाँ) नगद सहयोग सहित मृत आत्माको चिर शान्तिको कामना गर्दै परिवारजनमा समवेदना प्रदान गरियो। साथै संगठनको पहलमा स्व.आदित्यराज गौतमको श्रीमती इन्दु लामिछानेलाई सर्वोच्च अदालत मातहतमा रोजगारीको प्रबन्ध समेत गरियो।



यस विभागीय कार्यसमितिका केन्द्रीय प्रतिनिधी निवर्तमान कोषाध्यक्ष विमला घिमिरेको आमा तथा यसै विभागका सचिव कमल चालिसेको सासु आमा डाल कुमारी घिमिरेको असमायिक निधन भएकोले सो सन्दर्भमा बुटवल स्थित घरमा पुगेर समवेदना-पत्र सहित मृत आत्माको चिर शान्तिको कामना गर्दै परिवारजनमा समवेदना प्रदान गरियो।



सर्वोच्च अदालत विभागीय कार्यसमितिले न्यायपालिकामा कार्यरत संगठनकर्मीको जन्मदिन मनाउने नियमित कार्यक्रम स्वरुप विभागीय अध्यक्ष श्री अर्जुनबाबु सापकोटा र उपाध्यक्ष मिनप्रसाद मिश्रज्यूको जन्मदिनको अवसरमा संगठनको तर्फबाट शुभकामना प्रदान गर्दै केक काटेर भव्य रुपमा जन्मदिन मनाइएको।





मिति २०८२ भदौ २३/२४ को Gen-Z movement का क्रममा सर्वोच्च अदालतमा आगजनी र तोडफोडका कारण प्राय सम्पूर्ण सेवा बन्द रहेको अवस्थामा क्षतिग्रस्त सर्वोच्च अदालतको सेवा प्रवाहलाई मिति २०८२ साल मंशिर २ गते देखि सहज रुपमा सुचारु गर्न ट्रेड यूनियनको तर्फबाट सर्वोच्च अदालत व्यवस्थापनसंग सहकार्य र समन्वय गर्दै "के म सहयोग गर्न सक्छु ?" लेखिएको पोशाक लगाई स्वयंसेवक कर्मचारीका रुपमा सक्रियतापूर्वक सहजकर्ताको भूमिका निर्वाह गरेको।



के म सहयोग गर्न सक्छु? लेखिएको पोशाकमा कर्मचारी।



## शिक्षा विज्ञान तथा प्रविधि

- यस कार्यसमितिको आव २०८१/८२ को भएको आय व्ययको लेखापरीक्षण सम्पन्न गरिएको छ ।
- श्री बाल व्यवसाय मावि सिफलमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका ३ जना विद्यार्थीका लागि आर्थिक सहायता प्रदान गरिएको छ ।
- यस कार्यसमितिको नियमित प्रकाशन कर्मचारी कलम २०८२ वर्ष ९ अंक १ को विमोचन गरिएको छ ।
- आर्थिक वर्ष २०८२/८३ को संगठनका विविध गतिविधि सञ्चालन गर्न वार्षिक कार्यतालिका तयारी र कार्यान्वयन भैरहेको ।
- नेपाल निजामती कर्मचारी संगठन विभागीय कार्य समितिबाट आर्थिक वर्ष २०८२/८३ मा १६८ जना कर्मचारीको सदस्यता नविकरण गरिएको ।
- संगठनको आयोजनामा शिक्षा मन्त्रालय र अन्तर्गत चालु आवको हालसम्म सेवा निवृत्त कर्मचारी सम्मान कार्यक्रम सञ्चालन गरिएको ।
- संगठक साथिहरूको क्षमता विकास कार्यक्रम अन्तर्गत प्रशिक्षणका लागि कार्यक्रम तयारी गरिएको ।
- श्री सरस्वती आधारभूत विद्यालय लोकन्थलीमा अध्ययनरत सङ्गठनले अभिभावकत्व ग्रहण गरेका ८ जना विद्यार्थीहरूका लागि स्टेशनरी तथा न्यानो कपडा वितरण गरिएको ।

  विद्यार्थीको नामावली विवरणः

| क्र.स. | विद्यार्थीको नाम थर | अध्ययनरत कक्षा |
|---|---|---|
| १ | मनिषा लामा | कक्षा नर्सरी, |
| २ | प्रनिशा घिमिरे | कक्षा २ |
| ३ | सुनिता तामाङ | कक्षा २ |
| ४ | युवराज श्रेष्ठ | कक्षा ३ |
| ५ | विशेष दोङ | कक्षा ३ |
| ६ | रितु मोक्तान | कक्षा ४ |
| ७ | प्रिया तामाङ | कक्षा ६ |
| ८ | सञ्जय राई | कक्षा ७ |

- यस अवधिमा कार्य समितिको ७ वटा वैठक सञ्चालन गरिएको ।
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका निकायहरूको संगठन संरचना र समसामयिक सुधारको विषयमा सुझाव प्रदान गरिएको ।
- संगठन केन्द्रका कार्यक्रमहरूमा सक्रिय सहभागिता रहेको ।

निजामती सेवा दिवस २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन उपत्यका प्रदेश इन्जार्ज श्री गणेश प्रसाद आचार्य तथा सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति अक्षयकोषमा उपाध्यक्ष श्री नारायणी केसी एवं संगठन, शिक्षा विभागीय कार्यसमितिको संयुक्त आर्थिक सहयोगमा श्री बाल व्यवसायी केन्द्र माध्यमिक विद्यालय, काठमाडौं महानगरपालिका- ७, सिफल, काठमाडौंमा अध्ययनरत आर्थिक रुपमा विपन्न मृगौला पीडित परिवारका ३ जना वालवालिकाहरू लक्ष्मी ओली, कक्षा- ८, युनिश परियार कक्षा- ८ र दियान्सु भट्टराई कक्षा -नर्सरीलाई प्रदान गरिएको थियो ।




**कर्मचारी कलम—वर्ष ९, अंक १ विमोचन तथा विद्यार्थी पोसाक—स्टेसनरी वितरण

र सेवा—निवृत्त कर्मचारी सम्मान कार्यक्रम**

शिक्षा, विज्ञान तथा प्रविधि विभागीय कार्यसमितिद्वारा आयोजित "कर्मचारी कलम—वर्ष ९, अंक १" को विमोचन, संगठनले अभिभावकत्व ग्रहण गरेका विद्यार्थीहरूका लागि पोसाक तथा स्टेसनरी वितरण तथा निजामती सेवाबाट अवकाश प्राप्त

कर्मचारी सम्मान कार्यक्रम २०८२ कार्तिक २८ गते, शुक्रवार सानोठिमीस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सभाहलमा सम्पन्न भयो।






विषय विज्ञका शिक्षा तथा प्रशासनका विविध पक्ष समेटेर विषय-वस्तु प्रस्तुति रहेकोले लोक सेवा तयारी गरिरहेका तथा यश क्षेत्रमा क्रियाशिल सवैलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।



संगठनले अभिभावकत्व ग्रहण गरेका ६ जना विद्यार्थीहरू'प्रनिशा घिमिरे, सरोज तामाङ, युवराज श्रेष्ठ, विशेष दोङ, रितु मोक्तान र संजय राई'लाई पोसाक र स्टेसनरी वितरण गरिएको थियो।



शिक्षा मन्त्रालय अन्तर्गत चालु आवको कार्तिक सम्म ५८ वर्ष सेवा अवधि पूरा गरी अनिवार्य अवकाश तथा स्वेच्छिक अवकाश लिनुभएका ७ जना कर्मचारीहरूको सम्मान गरियो।

सम्मानित कर्मचारीहरू

- विष्णुप्रसाद भट्टराई — सहसचिव
- बाबुराम गौतम — अधिकृत दशौं
- गणेशप्रसाद आचार्य — उपसचिव
- शान्तिराम पौडेल — उपसचिव
- लेखराज कार्की — उपसचिव
- गीताहरि नेपाल — कार्यालय सहयोगी
- कुमार अधिकारी — कार्यालय सहयोगी





## सूचना

**आगामी अङ्क फागुनको लागि संगठनले भए गरेका विवरण फोटोसहित अनिवार्यरूपमा पठाइदिनुहुन हार्दिक अनुरोध छ । - सम्पादक**


प्रकाशक

**नेपाल निजामती कर्मचारी संगठन**

**Nepal Government Employees' Organization**

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं-२०४७

फोन नं. : ०१-५३५५८९८, ५३५५०२७

ईमेल: negeocc078@gmail.com

वेव : www.negeo.org.np


प्रेषक

प्रापक